# प्रभाव दैनिक
National Daily

पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल–७, काठमाडौं
०१–४३७३५७७, ९७६१८१५४००,
९८४११५१२१७, ९८४१२४६२६९
marketing2prabhab@gmail.com

वर्ष ११ | अंक ३४५ | काठमाडौं | बिहीबार, २८ चैत २०८१ | Prabhab National Daily | Thursday, April 10, 2025 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-


## फागुनमा भित्रियो डेढ खर्ब रेमिट्यान्स

### आठ महिनामा साढे १० खर्ब नाघ्यो

■ प्रभाव संवाददाता



**काठमाडौं–** गएको फागुन महिनामा मात्रै डेढ खर्बभन्दा बढी रेमिटचान्स (विप्रेषण) मुलुकमा भित्रिएको पाइएको छ । नेपाल राष्ट्र बैंकले बुधबार सार्वजनिक गरेको देशको वर्तमान आर्थिक तथा वित्तीय स्थिति प्रतिवेदनमा यस्तो देखिएको हो । प्रतिवेदनअनुसार फागुन महिनामा एक खर्ब ५१ अर्ब १९ करोड रूपैयाँ रेमिटचान्स भित्रिएको देखिन्छ ।

यो सँगै चालु आर्थिक वर्ष २०८१/८२ को आठ महिनामा भित्रिएको रेमिटचान्स १० खर्ब ५१ अर्ब ७७ करोड रूपैयाँ पुगेको छ । यो गत आर्थिक वर्षको सोही अवधिको तुलनामा ९.४ प्रतिशतले बढी हो । यो अवधिमा वैदेशिक रोजगारीका लागि अन्तिम श्रम स्वीकृति लिने नेपालीको संख्या तीन लाख १७ हजार ६८ र पुनः श्रम स्वीकृति लिनेको संख्या दुई लाख १७ हजार ४०३ रहेको छ ।

मुलुकमा रेमिटचान्स भित्रचाउने वैदेशिक रोजगारीमा गएका श्रमिकहरू नै हुन् । विदेशबाट वैधानिक च्यानल (बैंक, रेमिटचान्स एजेन्सी) मार्फत पठाउने रकममात्र राष्ट्र बैंकको यो तथ्यांकमा गणना गरिन्छ । हुण्डीलगायत अवैधानिक च्यानलबाट आउने रकम यसमा गणना गरिँदैन ।

चालु आवको पहिलो महिना साउनमा एक खर्ब १३ अर्ब ९३ करोड रूपैयाँ रेमिटचान्स भित्रिएको थियो । भदौमा एक खर्ब २६ अर्ब २१ करोड, असोजमा एक खर्ब ४४ अर्ब ३२ करोड, कात्तिकमा एक खर्ब १४ अर्ब ३२ करोड, मंसिरमा एक खर्ब १८ अर्ब ८० करोड, पुसमा एक खर्ब २२ अर्ब ६५ करोड र माघमा एक खर्ब ३७ अर्ब ५० करोड रूपैयाँ भित्रिएको तथ्यांक छ ।

यो अवधिमा खुद द्वितीय आय (खुद ट्रान्सफर) ११ खर्ब ४८ अर्ब १२ करोड रूपैयाँ पुगेको राष्ट्र बैंकले जनाएको छ । त्यसैगरी समीक्षा अवधिमा चालु खाता एक खर्ब ८० अर्ब आठ करोड रूपैयाँले बचतमा रहेको छ । यो अवधिमा आठ अर्ब ४९ करोड रूपैयाँबराबर प्रत्यक्ष वैदेशिक लगानी भित्रिएको पनि राष्ट्र बैंकले जनाएको छ ।

क्रमशः पृष्ठ २ मा

**कुन महिनामा कति ?**

| | |
|---|---|
| साउन | एक खर्ब १३ अर्ब ९३ करोड |
| भदौ | एक खर्ब २६ अर्ब २१ करोड |
| असोज | एक खर्ब ४४ अर्ब ३२ करोड |
| कात्तिक | एक खर्ब १४ अर्ब ३२ करोड |
| मंसिर | एक खर्ब १८ अर्ब ८० करोड |
| पुस | एक खर्ब २२ अर्ब ६५ करोड |
| माघ | एक खर्ब ३७ अर्ब ५० करोड |
| फागुन | एक खर्ब ५१ अर्ब १९ करोड |

# असन्तुष्टि चौतर्फी बढ्दा नेतृत्व भाषणबाजीमै मस्तराम



गणतन्त्रलाई धक्का दिन खोजेको प्रयासमा 'ब्रेक' त लाग्यो तर सामसुम भइहाल्यो भनेर सरकार चुप लागेर बस्न हुन्न । सामाजिक सञ्जालका भित्तामा मुर्दावाद भनेर लेखेको असन्तुष्टिका अक्षर पढ्न सक्नुपर्‍यो, देउवा होस् या ओलीले ।

**प्रा. कृष्ण पोखरेल**
राजनीतिशास्त्री



जोखिम आयो है भनेर राजावादीले खबरदारी गरेको हो । तर, त्यो सभा यस्तो अराजकतातिर गयो कि दलहरूलाई सुध्रिने दबाब कमजोर भएर गयो । तर सरकारको डेलिभरी छैन । डेलिभरी दिन नसकेपछि निराशा हुन्छ । विद्रोह हुन्छ ।

**केशव दाहाल**
राजनीतिक विश्लेषक

■ प्रभाव संवाददाता

**काठमाडौं–** विभिन्न कारण नागरिकमा असन्तुष्टि बढ्दो छ । शीर्ष दलका शीर्ष नेताहरू भने प्रत्येक दिनजसो कामको साटो भाषणबाजीमै व्यस्त छन् । प्रधानमन्त्री केपी शर्मा ओली आफ्नो सरकार ढल्दै नढल्ने दाबी गर्दै भाषण गर्न मस्त छन् ।

सरकार सञ्चालनको संयन्त्रमा रहेका कांग्रेसका महामन्त्री गगन थापा भाषणबाटै प्रधानमन्त्री ओलीलाई भन्छन्- भाषण गर्न नजाऊ । 'अहिलेको सरकारको गति पुगेको छैन । हामी भन्छौं, तिमी युद्धको मनोविज्ञानले १८ घण्टा काम गर, २० घण्टा काम गर कहीँ उद्घाटन र भाषण गर्न नजाऊ,' रूपन्देही क्षेत्रीय सम्मेलनलाई सम्बोधन गर्दै बुधबार महामन्त्री थापाले भने, 'प्रधानमन्त्री अहिले डुलेको देख्छु, मन्त्रीहरू घुमेको देख्छु, मैले उहाँहरूलाई अनुरोध गरिरहेको छु, तपाईंहरू डुल्ने र घुम्ने गर्न छाडिदिनुस्, तपाईंहरू काम गर्नुस् ।'

सुशासनमा प्रतिबद्ध रहेको भन्दै नेपाली कांग्रेस र नेकपा एमालेको सरकार बनेको नौ महिना पुगिसक्यो । तर आफ्नूनिकटकालाई नियुक्ति दिने र विपक्षीलाई हटाउने काम सरकारले जारी राखेको छ । भ्रष्टाचार र अनियमितता नियन्त्रणमा सरकार सचेत हुनुपर्नेमा



- प्रधानमन्त्री ओली आफ्नो सरकार ढल्दै नढल्ने दाबी गर्दै भाषण गर्न मस्त
- सरकार सञ्चालनको संयन्त्रमा रहेका कांग्रेस महामन्त्री थापा भाषणबाटै प्रधानमन्त्री ओलीलाई भन्छन्- भाषण गर्न नजाऊ

प्रधानमन्त्री ओली आफैं हल्का टिप्पणी गर्दै भन्छन्- भ्रष्टाचार चलिरहेको हुन सक्छ । बुधबार भएको नेपाल चेम्बर अफ कमर्सको ७४औं वार्षिक साधारणसभालाई सम्बोधन गर्दै प्रधानमन्त्री ओलीले यस्तो बताएका हुन् ।

त्यसैले होला सामाजिक सञ्जाल होस् या चिया पसल, ओली सरकारमाथि तीव्र आक्रोश पोखेको सुनिन्छ । यही आक्रोशले गर्दा नै मानिसहरू पूर्वराजा ज्ञानेन्द्र शाहको अभियानदेखि दुर्गा प्रसाईंजस्ता विवादित व्यक्तिको पछि लागेका छन् । रोजगारी सिर्जना नगर्ने र सत्ताबाहेक नेताहरूले नीतिमा कुनै ध्यान नदिँदा 'डेलिभरी' नदिएको राजनीतिक विश्लेषकहरू बताउँछन् ।

व्यवस्थाविरुद्ध जनआक्रोश बढिरहेको बेला सरकारले नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङलाई पदबाट हटाएको थियो ।

क्रमशः पृष्ठ २ मा

**सन्दर्भः वैदेशिक रोजगार**

## प्रतिस्पर्धात्मक बन्दै वैदेशिक रोजगार व्यवसायीको चुनाव



नरेश गेलाल नेतृत्वको प्यानलको अन्तिम चुनावीसभा ।



भुवनसिंह गुरुङनेतृत्वको प्यानलको अन्तिम चुनावीसभा ।

■ विविशा पौडेल

काठमाडौं- नेपाल वैदेशिक रोजगार व्यवसायी संघको निर्वाचन अब एक दिनमात्रै बाँकी छ । भोलि २९ चैतमा संघको ३०औं र ३१औं साधारणसभा हुँदै छ । यही साधारणसभाबाट निर्वाचनमार्फत नयाँ कार्यसमिति चयन गर्ने कार्यतालिका संघले सार्वजनिक गरिसकेको छ ।

संघको आगामी नेतृत्वका लागि नरेश गेलाल र भुवनसिंह गुरुङ प्रतिस्पर्धामा छन् । उनीहरू आ-आफ्नो प्यानल बनाएर नेतृत्वका लागि प्रतिस्पर्धामा उत्रिएका हुन् । गेलाल नेकपा एमालेनिकट प्रगतिशील वैदेशिक रोजगार व्यवसायी मञ्च नेपाल, नेपाली कांग्रेसनिकट लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एसोसिएसनको असन्तुष्ट समूह र नेकपा एकीकृत समाजवादी पार्टीनिकट एकीकृत वैदेशिक रोजगार व्यवसायी संगठनको संयुक्त व्यावसायिक प्यानलबाट अध्यक्षका उम्मेदवार बनेका हुन् ।

- गेलाल र गुरूङका दुवै समूहले टुंग्याए चुनावीसभा
- लोकतान्त्रिकका पाँच विद्रोहीमाथि कारबाही
- लोकतान्त्रिकका असन्तुष्ट पक्षको साथले गेलालपक्ष आत्मविश्वासी

क्रमशः पृष्ठ २ मा

### गेलालको प्रतिबद्धताः सिण्डिकेट अन्त्य र सेवामूलक उद्योगको रूपमा स्थापित गर्ने



नेपाल वैदेशिक रोजगार व्यवसायी संघको निर्वाचन हुनुभन्दा दुई दिनअघि बुधबार अन्तिम चुनावीसभा गरेर नरेश गेलाल नेतृत्वको संयुक्त व्यावसायिक समूहले चुनावी अभियान टुंग्याएको छ । आइतबार बसुन्धारामा चुनावीसभा आयोजना गरेर प्रतिबद्धतापत्र सार्वजनिक गरेको यो समूहले सोमबार बत्तीसपुतली र मंगलबार धुम्बाराहीमा चुनावीसभा सम्पन्न गरेको छ । चुनावी एजेण्डा प्रचारप्रसारमा गेलाल समूह आक्रामकरूपमा लागेको देखिन्छ । व्यवसायीहरूलाई आफ्नो एजेण्डामा विश्वस्त तुल्याउन यो समूहका उम्मेदवारहरू निरन्तर लागेका थिए ।

क्रमशः पृष्ठ २ मा

### गुरुङको प्रतिबद्धताः व्यवसायीको हितमा चौबीसै घण्टा खट्ने



नेपाल वैदेशिक रोजगार व्यवसायी संघको आगामी नेतृत्वका लागि प्रतिस्पर्धामा रहेको भुवनसिंह गुरुङ नेतृत्वको संयुक्त प्यानलले बुधबार अन्तिम चुनावीसभासहित प्रचार अभियान टुंग्याएको छ ।

नेपाली कांग्रेसको शुभेच्छुक संस्था नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एसोसिएसन र नेकपा माओवादी केन्द्रनिकट वैदेशिक रोजगार व्यवसायी गणतान्त्रिक मञ्चको यो गठबन्धनले चैत २६ गते सामाखुसीमा चुनावी भेला आयोजनागरी प्रतिबद्धतापत्र सार्वजनिक गरेको थियो ।

क्रमशः पृष्ठ २ मा




**पृष्ठ १ बाट क्रमशः**

## असन्तुष्टि...

उनलाई हटाएको विरोधमा संसद् अवरुद्ध गरेको प्रमुख प्रतिपक्षी दल नेकपा माओवादी केन्द्रसमेत अहिले राजावादीको हिंसात्मक आन्दोलनका कारण सरकारको साथमा उभिएको देखिन्छ ।

यही क्रममा सरकारले त्रिभुवन विश्वविद्यालयका उपकुलपति केशरजंग बराललाई १३ महिनामै राजीनामा दिन बाध्य बनायो । बराल त्रिविको इतिहासमा पहिलोपटक प्रतिस्पर्धाबाट मेरिटोक्रेसीको आधारमा उपकुलपति बनेका थिए । यतिमात्र हैन अनुहार हेरेरै गभर्नर नियुक्तका लागि सरकारले पहिलोपटक उमेर हद हटाइदियो । गभर्नरका लागि चलखेल बढेपछि महाप्रसाद अधिकारी बिदा हुँदा पनि राष्ट्र बैंकले नेतृत्व पाउन सकेन । मन्त्रीहरू विदेश भ्रमणको होड र भाषणबाजीमै व्यस्त देखिन्छन् । यद्यपि अहिले सरकारविरोधीहरू एक किसिमले सरकारकै शब्दमा 'तह' लागेको अवस्था छ ।

त्यही भएर होला प्रधानमन्त्री ओलीले मंगलबारमात्र यो सरकार चुनावसम्म टसमस नहुने ठोकुवा गरे । यतिमात्र हैन ओलीले सरकारविरोधीहरू थाकिसकेकोसमेत दाबी गरे । हुन पनि दुर्गा प्रसाईंको आन्दोलन तितरवितर भएसँगै ओलीले राहतको सास फेरिरहेका छन् । तर राजनीतिशास्त्री प्राध्यापक कृष्ण पोखरेल राजनीतिक दल र अहिलेको शासनविरुद्ध चर्को असन्तुष्टि कायमै रहेकोले सरकार र राजनीतिक नेतृत्व अझै नचेते त्यो निकै डरलाग्दो हुने बताउँछन् । 'गणतन्त्रलाई धक्का दिन खोजेको प्रयासमा ब्रेक त लाग्यो,' पोखरेल भन्छन्, 'तर, सामसुम भइहाल्यो भनेर सरकार चुप लागेर बस्न हुन्न ।'

राजनीतिक विश्लेषक केशव दाहाल पनि अहिले हाइसञ्चो मान्ने समय नभएको बताउँछन् । 'जोखिम आयो है भनेर राजावादीले खबरदारी गरेको हो । तर, त्यो सभा यस्तो अराजकतातिर गयो कि दलहरूलाई सुध्रिने दबाब कमजोर भएर गयो,' दाहाल भन्छन्, 'तर डेलिभरी छैन । डेलिभरी दिन नसकेपछि निराशा हुन्छ । विद्रोह हुन्छ र त्यसपछि पलायन हुन्छ । यस्तो अराजकताको कुनै लय हुँदैन ।'

राजनीतिक दलको नेतृत्वमा पुरानै मान्छेहरूले पटक-पटक पद दोहोऱ्याएर सत्तामा बस्दा जनतामा असन्तुष्टि देखिएको प्राध्यापक पोखरेल बताउँछन् । राजनीतिक नेतृत्वमा बसेकाहरूले सामाजिक सञ्जालमा लेखेका विरोधका अक्षरहरू पढ्न सक्नुपर्ने उनको सुझाव छ । 'सामाजिक सञ्जालका भित्तामा मुर्दावाद भनेर लेखेको असन्तुष्टिका अक्षर पढ्न सक्नुपऱ्यो, देउवा होस् या ओलीले,' पोखरेलले भने । राजनीतिक विश्लेषक दाहाल भने अहिलेको आक्रोश मत्थर बनाउन भ्रष्टाचार नियन्त्रण गर्नुपर्ने बताउँछन् । यसका लागि शक्तिशाली नागरिक आयोग गठन गर्नुपर्ने उनको सुझाव छ ।

■■■

## फागुनमा...

गत फागुन मसान्तसम्ममा शोधनान्तर स्थिति तीन खर्ब १० अर्ब ३७ करोड रूपैयाँले बचतमा छ । अघिल्लो वर्षको सोही अवधिमा शोधनान्तर स्थिति तीन खर्ब २७ अर्ब ५५ करोड रूपैयाँले बचतमा रहेको थियो । गत असार मसान्तमा २० खर्ब ४१ अर्ब १० करोड रूपैयाँबराबर रहेको कूल विदेशी विनिमय सञ्चिति पछिल्लो आठ महिनामा १८ प्रतिशतले वृद्धि भई २४ खर्ब नौ अर्ब २५ करोड रूपैयाँ पुगेको छ । कूल विदेशी विनिमय सञ्चितिमध्ये नेपाल राष्ट्र बैंकमा रहेको सञ्चिति २१ खर्ब ३० अर्ब ३१ करोड रूपैयाँ पुगेको छ भने बैंक तथा वित्तीय संस्थासँग रहेको विदेशी विनिमय सञ्चिति दुई खर्ब ७८ अर्ब ९५ करोड रूपैयाँ कायम भएको छ ।

चालु आर्थिक वर्षको आठ महिनाको आयातलाई आधार मान्दा बैंकिङ क्षेत्रसँग रहेको विदेशी विनिमय सञ्चितिले १७.२ महिनाको वस्तु आयात र १४.३ महिनाको वस्तु तथा सेवा आयात धान्नसक्ने राष्ट्र बैंकले जनाएको छ ।

■■■

## प्रतिस्पर्धात्मक...

अर्कोतर्फ कांग्रेसको शुभेच्छुक संस्था लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एसोसिएसन र नेकपा माओवादी केन्द्रनिकट वैदेशिक रोजगार व्यवसायी गणतान्त्रिक मञ्चको संयुक्त प्यानलबाट गुरुङ अध्यक्षका उम्मेदवार छन् । गेलाल र गुरुङबीचको प्रतिस्पर्धा रोचक बन्ने देखिएको छ । कांग्रेसनिकट व्यवसायीहरूको एउटा समूह आफ्नै संगठनका उम्मेदवारविरुद्ध लागेका कारण गुरुङलाई धक्का लाग्नसक्ने आकलन गरिएको छ ।

यद्यपि, गुरुङपक्ष भने आफ्नो प्यानलको जित सुनिश्चित रहेको दाबी गर्छन् । लोकतान्त्रिक एसोसिएसनले गेलालको पक्षमा लागेका पाँच जनालाई बुधबार कारबाही गरेको छ । उनीहरूलाई एसोसिएसनको साधारण सदस्यसमेत नरहने गरी कारबाही गरेको हो । कारबाहीमा पर्नेमा पूर्वउपाध्यक्ष सुजितकुमार श्रेष्ठ, कर्णराज कटुवाल, चन्द्रबहादुर लिम्बू, ईश्वर सापकोटा र कोषाध्यक्ष हेमा गुरुङ छन् । गेलाल प्यानलबाट श्रेष्ठ वरिष्ठ उपाध्यक्ष र कटुवाल महासचिव पदका उम्मेदवार छन् । यसैगरी लिम्बू र गुरुङले सोही प्यानलबाट सदस्यमा उम्मेदवारी दिएका छन् ।

लोकतान्त्रिक एसोसिएसनको असन्तुष्ट समूहको साथ पाएसँगै आफ्नो मत बलियो बनेको गेलालपक्षको दाबी छ । अघिल्लो निर्वाचनमा पनि प्रगतिशील नेतृत्वकै प्यानल विजयी भएकोले यो पटक पनि सोही क्रमले निरन्तरता पाउनेमा गेलालपक्ष ढुक्क देखिएका छन् । वर्तमान कार्यसमितिले संघको प्रशासनिक भवन खरिददेखि विभिन्न उपलब्धिमूलक काम गरेकोले पनि व्यवसायीहरूले पुनः प्रगतिशील नेतृत्वलाई नै रोज्ने गेलालको अपेक्षा छ ।

■■■

## गेलालको ...

चुनावीसभाबाहेक व्यवसायीहरूको कार्यालयमै पुगेर पनि आफ्नो पक्षमा माहोल बनाउन यो समूह सक्रिय बनेको थियो । नेकपा एमालेनिकट प्रगतिशील वैदेशिक रोजगार व्यवसायी मञ्च नेपाल नेतृत्वको यो प्यानलमा नेपाली कांग्रेसनिकट लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एसोसिएसनको असन्तुष्ट समूह र नेकपा एकीकृत समाजवादी पार्टीनिकट एकीकृत वैदेशिक रोजगार व्यवसायी संगठन आबद्ध रहेका छन् ।

गेलाल नेतृत्वको यो प्यानलले वैदेशिक रोजगार व्यवसायमा हुने सिण्डिकेटलाई निषेध गर्ने प्रतिबद्धता जनाएको छ । 'करिब ९०० व्यवसायीले २५ सालदेखि गरिरहेको मलेसियाको व्यवसायलाई २०-२५ जना माफियाहरूले सिण्डिकेट गरी बाँकी ८७५ व्यवसायीको व्यवसाय पूर्णरूपमा धराशायी बनाउने प्रपञ्चलाई निषेध गर्ने प्रतिबद्धता व्यक्त गर्दछौं,' संघको आगामी अध्यक्षका उम्मेदवार गेलालले भने । मागपत्र पत्रिकामा एक पटक प्रकाशित गरेपछि कम्तीमा तीन महिना पुनः प्रकाशित गर्नु नपर्ने तथा अन्तिम स्वीकृति भइसकेको कामदार वैदेशिक रोजगारमा जान नचाहेमा म्यानपावर कम्पनीको अनुरोधमा स्वीकृति रद्द गर्न मिल्ने व्यवस्था गर्न पहल गर्ने प्रतिबद्धता पनि जनाइएको छ ।

'कुनै पनि देशबाट तीन महिनाभित्र मेडिकल फेल भएर फर्केमा सम्बन्धित देशको मेडिकल प्रणालीमा हेरेर हाम्रो कार्यालयको अनुरोधमा अनफिट कामदारको स्वीकृत रद्द गरिदिने,' गेलालको प्रतिबद्धता छ, 'कामदारको जिमेल हाम्रो कार्यालयले रिसेट गर्न मिल्ने व्यवस्था गर्ने ।' गेलाल नेतृत्वको संयुक्त व्यावसायिक समूहले 'देश विकासको आधार, सुरक्षित वैदेशिक रोजगार' लाई मुख्य चुनावी नारा बनाएको छ । वैदेशिक रोजगार व्यवसायलाई उच्च मूल्यांकन गर्दै यस क्षेत्रलाई उत्कृष्ट सेवामूलक उद्योग बनाउने परिकल्पना यो समूहले अघि सारेको छ । एचआर इन्टरनेसनल इम्प्लोइमेन्ट प्रालिका सञ्चालक गेलालले आफू नेतृत्वको प्यानललाई जिताउन व्यवसायीहरूसँग अपिल गरे । अन्तिम चुनावीसभालाई सम्बोधन गर्दै उनले प्रतिबद्धतापत्रमा उल्लिखित बुँदाहरू अक्षरश कार्यान्वयनमा ल्याउने आश्वासन दिए ।

प्रगतिशील मञ्चका पूर्वअध्यक्ष तथा संघका पूर्वमहासचिवसमेत रहेका गेलालको नेतृत्वमा रहेको टिमको प्रथम उपाध्यक्षमा एलाइन्स ह्युमन रिसोर्स प्रालिका सुजितकुमार श्रेष्ठ, द्वितीय उपाध्यक्षमा इम्प्लोइमेन्ट लिंक प्रालिका मधुकर रिजाल र तृतीय उपाध्यक्षमा न्यु अल्फा एचआरका बैकुण्ठप्रसाद पौडेलले उम्मेदवारी दिएका छन् । गेलालको प्यानलबाट महासचिवमा डाइनामिक स्टाफिङ सोलुसनका कर्णराज कटुवाल, सचिवमा कन्फिडेन्ट इन्टरनेसनल म्यानपावरका अनिल बोगटी र सचिवमा कालिञ्चोक एचआरकी धनमाया सिञ्जाली उम्मेदवार रहेका छन् ।

त्यसैगरी सदस्यहरूमा माउन्टेन ग्रुपमा देउमान नेम्बाङ, ग्रोथ प्रोसेस इम्प्लोइमेन्टका राजेन्द्र बस्नेत, उज्यालो ओभरसिज प्रालिका चन्द्रबहादुर लिम्बू, रियो ओभरसिजकी रमा खड्का, विनर एचआरकी हिमा गुरुङ, गल्फ इम्पेयरका दिनेश बस्नेत, आयुष ओभरसिजका कामेश्वर शाह, सिगल ओभरसिजका छत्रबहादुर बस्नेत, डेस्टिनी ह्युमन रिसोर्सका युवराज देवकोटा र गल्फ एसिया म्यानपावरका राजेश यादव रहेका छन् ।

■■■

## गुरुङको...

प्रतिबद्धतापत्रमा विभिन्न शीर्षकका ११ बुँदा समेटिएका छन् । जसमा संघको व्यवस्थापकीय सुधार, सय संख्याको समस्या अन्त्य, कानुनी सुधारदेखि व्यवसायी भलाइ कोष स्थापनासम्मका प्रतिबद्धता गरिएको छ । आफूलाई अनुभवी, दक्ष र परिपक्व दाबी गर्ने यो समूहले व्यवसायी र कामदारहरूको हक हित सुनिश्चित गर्ने प्रतिबद्धता व्यवसायीमाझ गरेको छ ।

अध्यक्षका प्रत्यासी गुरुङ एसोसिएसनका पूर्वअध्यक्ष एवं संघका पूर्वद्वितीय उपाध्यक्षसमेत हुन् । गुरुङ म्यानेजमेन्ट ओभरसिज प्रालिका सञ्चालक गुरुङ गुरुङको प्यानलबाट प्रथम उपाध्यक्ष पदमा नोकरी नेपाल प्रालिका सञ्चालक नरेन्द्रप्रसाद ढकाल उम्मेदवार बनेका छन् । यसैगरी द्वितीय उपाध्यक्षमा अलर्ट ओभरसिज प्रालिका सञ्चालक देवकुमार खोखाली, तृतीय उपाध्यक्षमा इम्प्लोइमेन्ट क्रियसन सर्भिस प्रालिका हर्कबहादुर लिम्बू, महासचिवमा ग्लोबल राइजिङ प्लेसमेन्ट प्रालिका सञ्चालक महेशकुमार बस्नेत, सचिवमा आकृति रिक्रुटमेन्ट प्रालिका कुन्छादोर्जे डिम्दोङ र कोषाध्यक्षमा शुभ हारती म्यानपावर प्रालिका विक्रम श्रेष्ठ उम्मेदवार छन् । सचिव पदका उम्मेदवार डिम्दोङ गणतान्त्रिक मञ्चको कोटाबाट उम्मेदवार बनेका हुन् ।

गुरुङ प्यानलबाट सदस्य पदमा इम्पेरियल ओभरसिज प्रालिकी विद्यालक्ष्मी बज्राचार्य, हिमालयन भ्याली नेपाल प्रालिका देवीप्रसाद गिरी, ब्रदर इन्टरनेसनल इम्प्लोइमेन्ट प्रालिका दीपककुमार राय, रसुवा ओभरसिज प्रालिका सुवर्ण लामा, सेक्युर नेपाल जब प्लेसमेन्ट प्रालिका सुमनराज पाण्डे, युनिक ओभरसिज प्रालिका तिलरूपा दाहाल, ग्लोबल एचआर हब प्रालिकी गीता राउत, इगल म्यानपावर कन्सल्टेन्ट प्रालिका कृष्ण ढकाल, रिजा ओभरसिज प्रालिकी रेखा शर्मा, युनिभर्सल एचआर सोलुसन प्रालिका भरत सापकोटा, राज ग्रुप अफ कम्पनीका राज लामा तामाङ र सिल्भर कर्नर इन्टरनेसनल प्रालिका कैलाश पाठक उम्मेदवार रहेका छन् ।

गुरुङले आफू वैदेशिक रोजगारीका क्षेत्रमा देखिएका समस्या समाधानका लागि प्रतिबद्धतासहित संघको नेतृत्व गर्न अगाडि बढेको बताए । यस क्षेत्रका समस्यालाई आफूले विगत १६ वर्षदेखि नियालिरहेको उल्लेख गर्दै उनले व्यवसायीलाई दुःख दिने सबै समस्याको समाधान आफूलेमात्र गर्न सक्ने दाबी गरे । यी समस्यालाई नीतिगत रूपमा सम्बोधन गर्ने आफ्नो लक्ष्य रहेको उनले बताए ।

शक्तिको आडमा व्यवसायीलाई दुःख दिने प्रवृत्ति अन्त्य गर्न प्रतिबद्ध भई लाग्ने उनले बताए । व्यवसायीको सेवाबाहेक आफ्नो कुनै स्वार्थ नरहेको अध्यक्षका प्रत्यासी गुरुङको प्रस्टोक्ति छ । 'म चौबीसै घण्टा व्यवसायीका लागि काम गरिरहेको छु । मलाई कुनै लोभ लालच छैन । २१ वर्ष भयो यो क्षेत्रमा काम गरेको । म काम गर्ने मान्छे हो, बोल्ने होइन,' उनले भने । गुरुङले आफूलाई जिताए व्यवसायीको संरक्षण गर्ने प्रतिबद्धता जनाए ।

■■■

# सडक निर्माणले मालिकाधुरी जाने यात्रावधि छोटियो

**बेनी (म्याग्दी)–** जिल्लाको प्रसिद्ध धार्मिक पर्यटकीयस्थल मालिकाधुरी जाने यात्रावधि छोटिएको छ । मालिका गाउँपालिका र रघुगंगा गाउँपालिकाको सीमा क्षेत्रमा पर्ने मालिकाधुरीमा पुग्न रघुगंगा गाउँपालिका-६ ठाडाखानीबाट सडक निर्माण गरिएपछि यात्रा छोटिएको हो ।

ठाडाखानीबाट सरघारी हुँदै जोगीदेउराली डाँडासम्म सडक निर्माण भएको रघुगंगा-६ का वडा सदस्य टेकजित छन्त्यालले जानकारी दिए । 'पहिले ठाडाखानीबाट तीन घण्टा पैदलयात्रा गर्नुपर्थ्यो, अहिले सडक मार्ग बनेपछि यात्राअवधि छोटिएर एक घण्टामा पुग्न सकिने भएको छ,' उनले भने । चालु आर्थिक वर्षमा गाउँपालिकाबाट विनियोजन भएको आठ लाख रूपैयाँ बजेटमा समुदायको अगुवाइमा थप १२ लाख रूपैयाँ जुटाएर सडक निर्माण गरिएको उपभोक्ता समितिले जनाएको छ ।

सडक निर्माण सुरु भएको पाँच वर्ष भइसक्दासमेत ट्र्याक निर्माणले पूर्णता पाउन नसकेपछि देश तथा विदेशमा रहेका ठाडाखानीवासीबाट चन्दा संकलन गरेर सडकलाई जोगी देउराली डाँडासम्म पुऱ्याइएको सडक निर्माण उपभोक्ता समितिका अध्यक्ष मनबहादुर छन्त्यालले बताए । गत वर्ष गाउँपालिकाबाट १० लाख रूपैयाँ र स्थानीयवासीको चन्दा संकलनबाट आठ लाख रूपैयाँ बजेट जुटाएर सरघारीसम्म सडकको ट्र्याक निर्माण गरिएको थियो । अहिले सडकको ट्र्याक पुगेको देउरालीधुरीमा सवारीसाधन पार्किङका लागि जग्गा सम्माइएको उनले जानकारी दिए ।

प्रसिद्ध धार्मिकस्थल मालिकाधुरी पुग्ने सडकको ट्र्याक निर्माणमा पालिकाको बजेटमा श्रमदान र सहयोग जुटाएर लक्ष्यभन्दा बढी काम गरी उपभोक्ता समितिले उदाहरणीय काम गरेको गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत चेतनारायण भण्डारीले बताए । 'हामीले सडकको अनुगमन पनि गरेका छौं, पालिकाको बजेटभन्दा बढी रकम समुदायस्तरबाट जुटाएर निर्माणमा खर्च गरेको पाएका छौं, विकासमा सरकार र समुदायको साझेदारीले उल्लेख्य उपलब्धि हासिल गर्न सकिन्छ भन्ने उहादरण ठाडाखानीवासीले दिएका छन्,' उनले भने । उनका अनुसार मालिकाधुरी जानका लागि मालिका गाउँपालिकाको बिमबाट सडक निर्माण भइरहेको छ ।

समुद्री सतहबाट तीन हजार ४०० मिटरको उचाइमा अवस्थित मालिकाधुरीमा आन्तरिक तथा बाह्य पर्यटक भित्र्याउने उद्देश्यले सडकको पहुँचसँगै अन्य पर्यटन पूर्वाधार निर्माणमा जोड दिइएको गाउँपालिका कार्यालयले जनाएको छ । म्याग्दीका ३५ भन्दा बढी गाउँ देख्न सकिने मालिकाधुरीबाट सिस्ने, गुर्जा, मानापाथी, धौलागिरि, नीलगिरि, अन्नपूर्ण, माछापुच्छ्रे, मनास्लुलगायत २० भन्दा बढी हिमशृंखलाको लहरै दृश्यावलोकन गर्न सकिन्छ भने यहाँबाट सूर्योदयको दृष्य मनमोहक देखिन्छ ।

मालिका क्षेत्रको जंगलमा पाइने लालीगुराँस, वन्यजन्तु, पशुपन्छी, विभिन्न प्रजातिका फूल, जडीबुटी र वन पैदावार थप आकर्षण हुन् । पर्यटकीयस्थलको रूपमा विकास गर्न लागिएको मालिकाधुरीमा पूजा गरेमा मनोकामना पूरा हुने धार्मिक विश्वास रहिआएको छ । *रासस*


**बागमती प्रदेश सरकार**
**आन्तरिक मामिला तथा कानुन मन्त्रालय**
**हेटौंडा, मकवानपुर**

**सार्वजनिक सूचना**

**(प्रकाशित मितिः २०८१/१२/२८)**

यस मन्त्रालयको आ.व. २०८१/२०८२ को वार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत लागु औषध दुर्व्यसनी न्यूनीकरण कार्यक्रम कार्यान्वयनका लागि प्रदेशस्तरीय पुनर्स्थापना केन्द्रलाई लागु औषध दुर्व्यसनी न्यूनीकरण कार्यविधि, २०८१ को दफा ७ को उपदफा २ बमोजिमका प्रमाण खुल्ने कागजात सहित कार्यबिधिको अनुसूची-१ बमोजिमको ढाँचा र अनुसूची-२ बमोजिमको कार्ययोजना सहित सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र यस मन्त्रालयमा वा ईमेल ठेगाना moial@bagamati.gov.np मार्फत प्रस्ताव पेश गर्न सम्बन्धित सरोकारवाला सबैलाई यो सूचना प्रकाशित गरिएको छ । यस सम्बन्धी कार्यबिधि र थप जानकारी मन्त्रालयको वेब-साइट www.moial.bagamati.gov.np वा मन्त्रालयमा सम्पर्क गरि प्राप्त गर्न सकिनेछ ।



**युएइमा रोजगार** कम्पनी : MILAN FACILITIES MANAGEMENT SERVICES - L.L.C - S.P.C

पूर्व स्वीकृति मिति : २०८१/१२/२६ LT. No. 321600 चलानी नं. ६०२३५८७६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner General | 3 | 21 | 900 | ३३,५२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ वैशाख ४ गते (17th April 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**BON MANPOWER PVT.LTD.**
Sinamangal 9, Kathmandu, Nepal, Tel: +977-1-4479751, 4479851, Mobile - 9803960700, 9843361254, 9817554717,9841144866, 9847016713, Email: bonmanpower1@gmail.com
श्रम ईजाजत नं. 1514/074/075



**साउदीमा रोजगार** कम्पनी : Asif Rafiq Plastic Products Company

पूर्व स्वीकृति मिति : २०८१/०५/२८ पुन विज्ञापन स्वीकृति मिति : २०८१/१२/२७ LT. No. 310820 चलानी नं. ६०२२५३०८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | loading & offloading labour | 3 | 0 | 1000 | ३७,००० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ वैशाख ४ गते (17th April 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


**Career International Services (P.) Ltd.**
License No. : 646/063/064
धुम्बाराही, पिपलबोट, काठमाडौं, फोन : ४००९६४१, ४००९६४३, Email : info@career-intl.com, Website : www.career-intl.com



**साउदीमा रोजगार** कम्पनी : AL FAYHAA 2 LAUNDRIES

पूर्व स्वीकृति मिति : २०८१/१२/२६ LT. No. 321701 चलानी नं. ६०२३५८४५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | LAUNDRY WORKER | 1 | 0 | 1000 | ३६,४४१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ वैशाख ४ गते (17th April 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,०००/- | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


**Emerald Isle Nepal Pvt. Ltd.** (GULMI OVERSEAS PVT LTD)
Purano Baneshwor-10, Kathmandu, Nepal. Tel- +977-014588542/4589323, 9801248107, 9801248108, 9801248106, 9801879000, Email:- emeraldislenepal@gmail.com, info@einepal.com
श्रम ईजाजत नं. ११०८/०७३/०७४



**प्रदेश सरकार**
**स्वास्थ्य मन्त्रालय**
**कोशी प्रदेश**
**प्रादेशिक अस्पताल, भद्रपुर**
**झापा, नेपाल**

**आशयको सूचना**

**प्रकाशित मिति २०८१/१२/२८**

यस अस्पतालबाट आ.व. २०८१/०८२ को लागी मिति २०८१।१०।१६ गतेमा प्रकाशित तपशिलको विवरण भएको विधुत्तीय बोलपत्र आव्हानको सूचना अनुसार तोकिएका मितीभित्र रीतपूर्वक दर्ता हुन आएका बोलपत्रको प्रस्तावहरु सार्वजानिक खरिद ऐन (अन्तिम संशोधन सहित) २०६३ को दफा ७१ र सार्वजनिक खरिद नियमावली (अन्तिम संशोधन सहित), २०६४ को नियम १४७ अनुसार गठित मूल्यांकन समितीबाट विस्तृत मूल्यांकन हुँदा तपशिल बमोजिमका बोलपत्रदाताहरुको प्रस्ताव सारभुत रुपमा प्रभावग्राही भई खरिद ऐन (अन्तिम संशोधन सहित), २०६३ को दफा २७ को उपदफा (२) सार्वजानिक खरिद नियमावली २०६४ को नियम ६१,६२,६३ र ६४ अनुसार परीक्षण तथा मूल्यांकनमा सफल भई न्यूनतम दररेट पेश गरेका तपशिल बमोजिमका बोलपत्रदाताहरुको बोलपत्र दरभाउपत्र स्वीकृत गर्ने आशयको सूचना सम्बन्धित सबैमा जानकारीका लागि प्रकाशन गरिएको छ ।

| सि. नं | ठेक्का नं. | शिलबन्दी बोलपत्रको शिर्षक | स्वीकृत भएको बोलपत्रदाताहरुको नाम,ठेगाना | बोलपत्र स्वीकृत भएका आइटमहरू BOQ s.no | कैफियत |
|---|---|---|---|---|---|
| 1 | PH/Koshi/ NCB-12/81/082 | Procurement , & Related Items for Dialysis surgical and other items for hospital use | Janakalyan Pharmacy Birtamode | 1,2 and 5 (3 items) | |
| 2 | PH/Koshi/ NCB-12/81/082 | Procurement , & Related Items for Dialysis surgical and other items for hospital use | G.H Medihealth Concern pvt ltd., Bhaktapur | 3, 4 and 6 (3 items) | |
| 3 | PH/Koshi/ NCB-12/81/082 | Procurement , & Related Items for Dialysis surgical and other items for hospital use | Kalpana pharmacy,Birtamode | 7 (1 items) | |
| 4 | PH/Koshi/ NCB-11/81/082 | Procurement , & Related Items for Surgical items Pharmacy and hospital use | OAQ international multimed pvt ltd Birtamode, | 102 Items | |
| 5 | PH/Koshi/ NCB-11/81/082 | Procurement , & Related Items for Surgical items Pharmacy and hospital use | Indu surgical and chemical suppliers,damak | 204 Items | |
| 6 | PH/Koshi/ NCB-11/81/082 | Procurement , & Related Items for Surgical items Pharmacy and hospital use | R.N.V.P.S. INTERNATIONAL PVT. LTD. (VAT NO. Biratnagar, | No items | |
| 7 | PH/Koshi/ NCB-11/81/082 | Procurement , & Related Items for Surgical items Pharmacy and hospital use | Shree surgical Biratnagar | 54 Items | |
| 8 | PH/Koshi/ NCB-11/81/082 | Procurement , & Related Items for Surgical items Pharmacy and hospital use | Bibhuti surgical and chemical suppliers Birtamode | 100 Items | |

**प्रमुख मेडिकल सुपरिटेन्डेन्ट**

# तेमाल जात्रा दुई दिन मनाइँदै, सार्वजनिक बिदा दिन माग




■ प्रभाव संवाददाता

**काठमाडौं–** लेखक एवं अनुसन्धाता रवीन्द्र तामाङले तेमाल जात्राको अवसरमा राज्यले दुई दिन सार्वजनिक बिदा दिनुपर्ने माग गरेका छन् । स्वयम्भूमा बुधबार तामाङ पत्रकार संघले आयोजना गरेको अन्तरक्रियामा तेमाल जात्राबारे प्रस्तुति दिँदै उनले यस्तो माग राखेका हुन् ।

तामाङले तेमाल नेपालकै पहिलो ऐतिहासिक जात्रा भएको दाबी गर्दै सरकारले यस विषयमा ध्यान दिनुपर्ने बताए । 'नेपालको नै पहिलो जात्रा तेमाल जात्रा हो । स्वयम्भूको उत्पत्ति भएको जात्रा हो,' तामाङले भने, 'यस्तो उज्यालोको उत्सवमा दुई दिन बिदा दिनुपर्छ सरकारले । तामाङ समुदाय कहाँ अल्झेर बसेको होला यस विषयमा ?'

उनको प्रस्तुतिमा लेखक मोक्तान दुपवांगेल, लेखक तथा अनुसन्धाता अजितमान तामाङ र पत्रकार मायालु ङेसुरले टिप्पणी गरेका थिए । लेखक मोक्तानले इतिहासको विषयलाई वैज्ञानिक आधारसहित लेख्न सकेमात्र मान्य हुने बताए । तेमाल जात्राको नामाकरण बौद्धकै बासिन्दाले गरेकाले नाममा विवाद निकाल्न नहुने उनको भनाइ थियो ।

पत्रकार एवं यसै विषयमा काठमाडौं विश्वविद्यालयमा स्नातकोत्तर तहमा अनुसन्धान थालेकी ङेसुरले तामाङ जातिको पर्वहरू डिजिटलाइज हुन नसकेको धारणा राखिन् । 'हाम्रो जातजाति मौखिक इतिहासमा आधारित छ । धेरैको त अब गुगल गर्दा भेटिन्छ । रिसर्च गर्दा १५ भन्दा बढी रिफ्रेन्स चाहिने रहेछ,' ङेसुरले भनिन्, 'तर यो जात्राबारे लेखेको एकदम कम भेटियो ।' अनुसन्धानकर्ता अजितमान तामाङले सांस्कृतिक, धार्मिक, एतिहासिक, भौगोलिक हिसाबमा आएको यस जात्रामा मिठा खानेकुरासमेत खाइने बताए । तेमाल जात्रा काठमाडौंका विभिन्न भागमा मनाइने र अरु जातिले पनि मनाउने उनको भनाइ थियो ।

अन्तर्राष्ट्रिय तामाङ परिषद्का महासचिव टासी लामाले यो पर्व तामाङहरूको पहिचान भएको बताए । 'यो कतैबाट ल्याएको पर्व हैन । तामाङ पहिचानको प्रमुख आधार नै तेमाल जात्रा हो,' लामाले भने । तेमाल जात्रालाई हिन्दूहरूको विभिन्न धाम र तीर्थ, इस्लामको मक्कामदिना र इसाईको जेरुसेलमजस्तै बनाउन सकिने उनले बताए ।

पर्यटन व्यवसायी एवं तामाङ रिमठिम पर्यटन सञ्जालकी अध्यक्ष सरिता लामाले पर्यटकका लागि तेमाल जात्राको पूर्वाधार चाहिने बताइन् । 'तेमाल जात्राको ट्रेल र पूर्वाधार तयार भए हामीले टुरिस्टलाई हाम्रो हेरिटेज घुमाउन सक्छौं । यसका लागि पूर्वाधार पनि सफा हुनुपर्छ,' लामाले भनिन् ।

चैत्र पूर्णिमाको अघिल्लो दिन बौद्ध स्तूपबाट सुरु हुने तेमाल जात्रा भोलिपल्ट पूर्णिमाको दिन सूर्योदयसँगै स्वयम्भूमा पुनः आरम्भ भएर साँझपख आकाशमा पूर्णचन्द्र देखिएपछि समाप्त हुने प्राचीन परम्परा छ । यसपटक यो पर्व चैत २९ गते र ३० गते मनाउने भएको छ । यो जात्रा मनाउन बागमती प्रदेशका तामाङहरू काठमाडौं आउने गर्दछन् । बौद्ध तामाङ कल्याण गुठीले बौद्ध क्षेत्रमा यो जात्राका लागि सम्पूर्ण तयारी पूरा भएको जनाएको छ ।

स्वयम्भू क्षेत्रमा टुंगिने भए पनि यो क्षेत्रमा स्थायी खालको व्यवस्थापन समिति नबन्दा जात्रामा सांस्कृतिक अतिक्रमण सुरु भएको काठमाडौं वडा १५ का वडाध्यक्ष ईश्वरमान डंगोलले बताए । 'जात्रा एकदमै एतिहासिक हो । तर स्थायी खालको मुल व्यवस्थापन समिति भएन,' वडाध्यक्ष डंगोलले भने । तेमाल जात्रामा तामाङ मौलिक गीत, फापरे गीत गाउनुपर्नेमा डिजे गीतहरूले अतिक्रमण भइरहेको डंगोलको भनाइ थियो । यस्तो विकृति रोक्न तामाङ समुदाय नै लाग्नुपर्ने उनको सुझाव थियो ।

## धोबीखोला करिडोरपीडितको प्रदर्शन

काठमाडौं (प्रस)- धोबीखोला करिडोर प्रभावित मूल समितिको आह्वानमा बुधबार करिडोर क्षेत्रमा सम्पत्तिको सुरक्षा माग गर्दै मोटरसाइकल र्‍याली गरिएको छ । सो र्‍याली धोबीखोला करिडोर साँप्रेढुंगा पुलबाट सुरु भई बागमती दोभानसम्म पुगेर समाप्त भएको थियो ।

सर्वोच्च अदालतले २०८० पुस ३ गते धोबीखोला करिडोरको दायाँबायाँ थप २० मिटरको भागमा निर्माण निषेधित क्षेत्र घोषणा गरी उक्त ठाउँ खाली छाड्नुपर्ने फैसला गरेपछि यस क्षेत्रका हजारौं परिवार पीडित बनेका समितिको भनाइ छ । उक्त फैसलाका कारण संविधानप्रदत्त जनताको निजी सम्पत्ति उपभोग गर्ने, खरिद, बिक्री वितरण गर्ने, उपभोग गर्न पाउने अधिकार कुण्ठित भएपछि समितिको अगुवाइमा दबाब दिएपश्चात् उक्त फैसला बदर गर्न माग राखी सर्वोच्चमा पुनरावलोकनका लागि सरकारले २०८१ भदौ ३१ गते निवेदनसमेत दिएको छ ।

समितिका अनुसार, उक्त जग्गा, जमिन भोगचलन गर्न नपाउँदा स्थानीयवासी मानसिक तनावमा परेका, केहीले आत्महत्या गरेका, बैंकले जग्गा धितो लिन अस्वीकार गर्दा अत्यावश्यक खर्च जुटाउन बैंकबाट ऋण प्राप्त गर्न सकेका छैनन् । सरकारले मुद्दा पुनरावलोकनका लागि सर्वोच्च अदालतमा निवेदन दिइसकेका अवस्थामा बैंकले ऋण दिनसक्ने भनी पत्राचार गरे पनि बैंकहरूले त्यस क्षेत्रको जग्गा धितो लिन अस्वीकार गरेको समितिको भनाइ छ ।

'हाम्रो सम्पत्ति खोटो सिक्का बनाइएको र हामीलाई अनिर्णयको बन्दी बनाइएको छ । यो समस्याको जतिसक्दो चाँडो निकास निकाल्नुपर्नेमा आम करिडोरवासी प्रतीक्षारत छौं,' समितिले सार्वजनिक गरेको अपिलमा भनिएको छ । यसैबीच, उक्त मुद्दाको पुनरावलोकनको पेसी यही आजका लागि तोकिएको छ । यद्यपि, मुद्दाको फैसला कहिले हुने भन्ने प्रश्न उब्जिएको र नागरिकले दुःख पाउने अवस्था रहिरहेको अपिलमा उल्लेख छ ।

### मोटरसाइकल हराएको सूचना

मिति २०८१।०९।२४ गते, का.जि. बसुन्धारा न.पा सेन्सा होटल अगाडि पार्किङ गरिराखेको रातो, कालो रङ्को 220 cc Bajaj Pulsar मोटरसाइकल हराएको हुँदा पाउनु हुने वा देख्नुहुने महानुभावहरूले नजिकैको प्रहरी कार्यालय वा तलको ठेगानामा सम्पर्क गरिदिनु हुन बिनम्र अनुरोध गर्दछु ।

**धनीको नाम : सुसिल चन्द्र सिंखडा**
**बाइक नं.: बा.प्र. ०६-००१ प ८९००**
**च्यासिस नं.: MD2A13EX4HCK81308**
**इन्जिन नं. : DKXCHK35745**
**ठेगानाः चितवन कालिका न.पा-६, चितवन**
**सम्पर्कः ९८४५३५५३७०**

### लिलाम विक्रीको सूचना

**प्रथम पटक प्रकाशित मिति २०८१/१२/२८**

यस सा.व.उ.स. वाट संकलित अस्ना गोलिया काठ २९३.२३ क्यू फिट र खयर काठ ३८६.३८ क्यू फिट (हर्ट उड) लिलाम विक्री गर्नु परेकोले सुचीकृत उद्योगहरूलाई यो २१ दिने सूचना प्रकाशित गरिएको छ । थप जानकारीको लागि समूहमा सम्पर्क राख्न सकिनेछ । **रानीवन सा. वन उपभोक्ता समूह, देवघाट ५, तनहूँ ।**

### निक्षेप रकम उपर हकदाबी सम्बन्धि ३५ दिने सूचना

यस बैंकका खातावाला श्री गणेश गुरुङ्गको छोरी, श्री बुद्धि बहादुर गुरुङ्गको श्रीमती, सुनसरी जिल्ला, ईटहरी उपमहानगरपालिका वडा नं. ८ मा बस्ने श्रीमती स्मृती गुरुङ्गको मिति बि.सं. २०८१/११/१७ (२०२५-०३-०१ ई.सं.) का दिन मृत्यु भएकोले निजको नाममा यस बैंकमा रहेको बचत खाता नं. 036011050000291 मा रहेको निक्षेप रकम भुक्तानी पाउँ भनि मृतकको श्रीमान्ले मिति ई.सं. २०२५/०४/०६ मा यस बैंकमा निवेदन दिनु भएको हुँदा उक्त निक्षेप रकम उपर निज निवेदक बाहेक अन्य कसैको हकदाबी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिन भित्र सबुत प्रमाण सहित हकदाबी गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ । म्याद भित्र प्राप्त नभएको दरखास्त उपर कुनै कारवाही नहुने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

**सानिमा बैंक** www.sanimabank.com

ईटहरी, सुनसरी, फोन : ०२५-५८७५५७१/७२/७३

### नाम परिर्वतन सम्बन्धि सूचना

**प्रथम पटक प्रकासित मितिः २०८१/१२/२८**

कम्पनीको मिति २०८१/१२/०४ को साधरण सभा/विशेष सभाको निर्णय बमोजिम कम्पनीको नाम तपसिल बमोजिम परिर्वतन गर्ने गरी कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा भएको संशोधनलाई उल्लेखित शर्त पालना गर्नेगरी स्वीकृति प्रदान गरिएको व्यहोरा मिति २०८१/१२/२१ को निर्णयानुसार जानकारी गराईन्छ ।

**तपसिलः**

**साविकको नाम : ईमानुयल बोर्डिङ्ग स्कुल कैलाली**
**संशोधित नाम : प्रज्ञान पाठशाला कैलाली**

### कर्मचारी हटाईएको सम्बन्धी सूचना

यस **Mobhira H.R. Service Pvt. Ltd.** (ई.प.नं. १००१/०६८/६९) मा कार्यरत **त्रिरत्न अधिकारी** (General Manager)/(ना.प्र.प्र.नंः ५९२५/१५९२२/०४४) लाई आजको मितिबाट यस प्रा.लि. बाट हटाइएको हुनाले निजसँग यस प्रा.लि. सँग सम्बन्धित आर्थिक तथा अन्य कुनै पनि कारोबार नगर्नु नगराउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । यदि निजसँग वैदेशिक रोजगारसँग सम्बन्धित कुनै आर्थिक लेना देना भएमा यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र यस प्रा.लि. मा सम्पर्क गर्न आउनुहोला अन्यथा कानून बमोजिम भै जाने व्यहोरा अनुरोध छ ।

MOBHIRA H.R. SERVICE PVT. LTD.
Gaushala, Bijayachowk, Kathmandu BAGMATI, Tel : +977-1-4588855/4588856, mail: mobhirahr@gmail.com
श्रम ईजाजत नं. १००१/०६८/६९

### बोलपत्रद्वारा वनपैदावार लिलाम बिक्री सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित सूचना मिति २०८१।१२।२८**

यस नमूना सामुदायिक वन उपभोक्ता समूह राक्सिराङ., ५ मकवानपुरले आ.व. २०८१।०८२ मा स्वीकृत वन कार्ययोजनामा ब्यबस्था भए अनुसार ढलापाडा रुखहरू वाट संकलन भएको काठ/दाउरा उपभोक्तालाई बिक्री गरी, जि.व.पै.आ.समितिलाई २५ प्रतिशत काठ छुट्याईको बाँकी रहेको साल समेतको गोलिया थान ६८ को ६२३.१५ क्यू.फि. काठ बोलपत्र मार्फत लिलाम विक्री गर्नुपर्ने भएको हुदाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफनै खर्चमा उठाई लैजान यो सूचना प्रकाशित गरिएको छ । वन नियमावली २०७९ को नियम १२८ अनुसार सूचीकृत भएको ईच्छुक काष्ठ उधोगले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन खरिद गरि २२ औ दिन दिनको १२ वजे भित्र सिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । बिस्तृत जानकारीको लागी यस समूहको कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ ।

**– श्री नमूना सामुदायिक वन उपभोक्ता समूह राक्सिराङ.५ मकवानपुर**

### बोलपत्रद्वारा वनपैदावार लिलाम बिक्री सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित सूचना मिति २०८१।१२।२८**

यस शिकारीवास सामुदायिक वन उपभोक्ता समूह मनहरी, ६ मकवानपुरले आ.व. २०८१।०८२ मा स्वीकृत वन कार्ययोजनामा ब्यबस्था भए अनुसार ढलापाडा रुखहरू वाट संकलन भएको काठ/दाउरा उपभोक्तालाई बिक्री गरी, जि.व.पै.आ.समितिलाई २५ प्रतिशत काठ छुट्याईको बाँकी रहेको सालको गोलिया थान ८९ को ६७२.५६ क्यू.फि. काठ र दाउरा २ चट्टा बोलपत्र मार्फत लिलाम विक्री गर्नुपर्ने भएको हुदाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफनै खर्चमा उठाई लैजान यो सूचना प्रकाशित गरिएको छ । वन नियमावली २०७९ को नियम १२८ अनुसार सूचीकृत भएको ईच्छुक काष्ठ उधोगले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन खरिद गरि २२ औ दिन दिनको १२ वजे भित्र सिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । बिस्तृत जानकारीको लागी यस समूहको कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ ।

**– श्री शिकारीवास सामुदायिक वन उपभोक्ता समूह, मनहरी ६ मकवानपुर**

### बोलपत्रद्वारा वनपैदावार लिलाम बिक्री सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित सूचना मिति २०८१।१२।२८**

यस वालुवा भञ्जयाङ. सामुदायिक वन उपभोक्ता समूह मनहरी, ६ मकवानपुरले आ.व. २०८१।०८२ मा स्वीकृत वन कार्ययोजनामा ब्यबस्था भए अनुसार ढलापाडा रुखहरू वाट संकलन भएको काठ/दाउरा उपभोक्तालाई बिक्री गरी, जि.व.पै.आ.समितिलाई २५ प्रतिशत काठ छुट्याईको बाँकी रहेको साल समेतको गोलिया थान २२७ को १७१३.८७ क्यू.फि. काठ,दाउरा ७ चट्टा र जिल्ला वन पैदावार आपुर्ति समितीलाई छुटयाएको काठ आपुर्ति समितीले उठाउन नसकिएको कारण वन नियमावली २०७९ को नियम २२ को (५) वमोजिम उपभोक्ता समूहले उक्त साल प्रजातीको गोलिया थान ५५ को ३४१.०३ क्यू.फि.काठ समेत गरी बोलपत्र मार्फत लिलाम विक्री गर्नुपर्ने भएको हुदाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफनै खर्चमा उठाई लैजान यो सूचना प्रकाशित गरिएको छ । वन नियमावली २०७९ को नियम १२८ अनुसार सूचीकृत भएको ईच्छुक काष्ठ उधोगले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन खरिद गरि २२ औ दिन दिनको १२ वजे भित्र सिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । बिस्तृत जानकारीको लागी यस समूहको कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ ।

**– श्री वालुवा भञ्जयाङ. सामुदायिक वन उपभोक्ता समूह, मनहरी ६ मकवानपुर**

### धनगढी उप–महानगरपालिका
### नगर कार्यपालिकाको कार्यालय

**धनगढी, कैलाली**
**सुदूरपश्चिम प्रदेश, नेपाल**

### बोलपत्रको आशयपत्र सम्बन्धि सूचना

**प्रकाशित मिति : २०८१/१२/२८**

यस धनगढी उप-महानगरपालिका नगर कार्यपालिका कार्यालयको आ.व. २०८१/०८२ अन्तर्गत तपसिल बमोजिमका कार्यको राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना अनुसार न्यूनतम मूल्यांकित सारभूत रूपमा प्रभावग्राही देखिन आएका बोलपत्र स्वीकृतिका लागि छनौट भएको हुँदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ र ३ बमोजिम सम्बन्धित सबै फर्मको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिलः**

| ठेक्का नं. | कामको विवरण | फर्म/कम्पनी | कबोल रकम |
|---|---|---|---|
| 71/DSMC/ 2081/082 | Construction of Boundary Wall of Shiv Temple at Ward No. 1 DSMC | श्री एस. एच./बि. एण्ड पी./ पासामष्टा जेभी धनगढी, कैलाली | रु. ४,९६,६५,०१०/५७ मु.अ.क. बाहेक |
| 141/DSMC/ 2081/082 | Construction of Blacktop Road from Janakalyan School to Ghale Chowk Ward No. 10 DSMC | श्री आभव विल्डर्स प्रा. लि. गोदावरी, कैलाली | रु. १,१४,९७,६८४/०० मु.अ.क. बाहेक |
| 142/DSMC/ 2081/082 | Construction of Blacktop Road from Postal Road- Kamala Rice Mill- Janapriya School Ward No. 19 DSMC | श्री रा. पा. निर्माण सेवा धनगढी, कैलाली | रु. २१,२८,०७२/५० मु.अ.क. बाहेक |
| 143/DSMC/ 2081/082 | Construction of Blacktop Road at Kailali Gaun East of Durga Temple Ward No. 13 DSMC | श्री ए. एन. एस. कन्स्ट्रक्सन धनगढी, कैलाली | रु. ३३,१४,९०६/०० मु.अ.क. बाहेक |
| 147/DSMC/ 2081/082 | Construction of Store Building, Gate and Side Drain Works at Gaushala Ward No. 16 DSMC | श्री डि. के. कन्स्ट्रक्सन धनगढी, कैलाली | रु. २२,३३,३५०/५० मु.अ.क. बाहेक |

**प्रमुख प्रशासकीय अधिकृत**

**Bagmati Province Goverment**
**Ministry Of Health**
**Health Directorate**

### Chautara Hospital

**Sindhupalchok, Nepal**

### Invitation for Bid

***First Date of Publication:2025/04/10 (00:00)***

1. Chautara Hospital, Chautara invites bids from eligible bidders for the execution of below mention works under NCB procedures.
2. The Details of projects are tabulated below. Bidding is open to all eligible Nepalese Bidders.

| S. N | Description of Works | Contract ID no.: | Estimated Amount | Bid Document Fee | Bid Bond Amount | Remarks |
|---|---|---|---|---|---|---|
| 1 | Installation Testing Oxygen Gas Pipeline System and Accessories at Chautara Hospital | CH/NCB/ WORKS/01/ 081/82 | NRs. 2826521.24/- exclusive VAT & Contengencies | NRs. 3000.00/- | NRs. 82000.00/- | |

**Bidding Documents may be purchased from the following bank/office**
Name of the Bank: Nepal Bank Ltd Chautara Branch, Sindhupalchok Name of the Office: Chautara Hospital, Sindhupalchok
Office Code no: 3700127013
Office Account no: 27202000001001000001 Rajaswa (revenue) Shirshak no: 14229
**If the Bidder wishes to submit the Bid Security in the form of cash, the cash should be deposited**
Bank Name: Nepal Bank Ltd.
Bank Address: Chautara Branch, Sindhupalchok
Account Name: Pra. Le. Ni. Ka. Sindhupalchok Dharauti Khata Account Number: 05702000002003000001

3. If the last date of purchasing and/or submission falls on the government holiday, then the next working day salary shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
4. Chautara hospital, Sindhupalchowk, Chautara reserves the right to accept or reject any bid and annual the process and reject all bids at any time prior to contract award.
5. Eligible bidder may obtain further information from www.bolpatra.gov.np

**Medical Superintendent**

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

## भाषण हैन काम गर सरकार

**हिजोआज सरकारको नेतृत्वमा रहेकाहरू भाषणबाजीमै मस्त सुनिन्छन् । यो सरकार ढल्दैन भन्दै भाषण गर्नु प्रधानमन्त्री केपी शर्मा ओलीको दैनिकी बनेको छ । विपक्षी दलका नेता पुष्पकमल दाहाल सरकार अहिल्यै ढल्ने ढिपीका साथ भाषण गर्छन् । सत्तापक्षकै कांग्रेसका नेताहरू प्रधानमन्त्री ओलीले धेरै घुमफिर गरिरहेको भाषण गर्छन् ।**

**यसो हेर्दा एकले अर्कोलाई आलोचना र काउन्टर भाषण दिँदा रमाइलै सुनिन्छ । तर सरकारकै नेतृत्वमा बसेकाहरूले काम नगरी यसरी भाषण दिँदा आफ्नो समय त खेर फाले फाले, सर्वसाधारणको समय पनि कुरा काट्न लगाएर खेर फालिरहेका छन् । घुमिफिरी नेतृत्वमा अहिले तीन नेताहरू ओली, शेरबहादुर देउवा र दाहाल नै पुगिरहेका छन् । ओली, देउवा र दाहालको भाषण पछिल्लो दुई दशकयता उही छ । नयाँ एजेण्डा केही छैन । यस्तै भाषणबाजी र विकासको भाकामै बित्छ नेताहरूको काम ।**

**सानातिना कार्यक्रमको उद्घाटन गर्न हेलिकप्टर चार्टर गर्ने, पार्टीको कार्यक्रममा पुगेर कार्यकर्ता खुसी पार्ने अहिलेको मन्त्रीहरूको दैनिकी बनेको छ । जसका कारण पनि सर्वसाधारण व्यवस्थाविरुद्धै आक्रोशित हुन थालेका हुन् । हरेक स्थानमा अनियमितता र असन्तुष्टि चुलिँदो छ । सरकारी कार्यालय होस् या निजी, सुशासनमा प्रतिबद्ध सरकारले सुशासन दिन सकेको छैन । ढिलासुस्ती चर्को छ । व्यवसायीलाई काम गर्न मुस्किल बनाइदिएको छ । यही कारण पनि देश छाड्को लर्को छ । सरकार भने रेमिटचान्समा रमाउँदै फेरि भाषणबाजीमा लागिरहेको देखिन्छ ।**

**भाषणबाजीकै कारण नेताहरू चर्चामा आएको देखेर युवाहरूको चाहना पनि त्यतैतिर ढल्केको देखिन्छ । तर फुस्रा भाषणले देश बन्दैन भनेर कतिपयलाई जब थाहा हुन्छ, तब उनीहरू राजनीतिको भूमरीमा परिसकेको हुन्छ । यसरी राजनीतिको भूमरीमा परेका नेताहरू आजभन्दा भोलि बढी भाषण गर्न मन पराउँछन् । चर्चापरिचर्चा गरिदिने समाज छँदै छ भनेर नेताहरू पनि मक्ख छन् । तर अब यसरी भाषणबाजी गरेर चल्दैन । सर्वसाधारणमा एक प्रकारको चेत बढ्दो छ । त्यसैले अब सरकारले काममा ध्यान देओस् । परिणाम आजको आवश्यकता हो । अनुसन्धान, योजना, कार्यतालिका र कार्यान्वयनमा सरकारले विशेष ध्यान दिनुपर्छ । सत्तामा बसेर जनताको करबाट तलब खाएर पार्टीको कार्यक्रममा पुग्दै भाषणबाजीमा रमाउने हैन ।**

**श्रम सरोकार**

## नेपालमा पैसा पठाउनका लागि सुरक्षित माध्यम

विदेशमा कमाएको पैसा सुरक्षितसँग घरमा पठाउनु उत्तिकै आवश्यक छ । अवैधानिक माध्यमबाट पठाउँदा ठगीमा परिने सम्भावना हुन्छ । विदेशबाट नेपालमा आफ्ना आफन्तलाई पैसा पठाउन बैंक खाता वा रेमिटचान्स कम्पनीहरूको प्रयोग गर्न सकिन्छ । अझ रेमिटचान्सबाट पठाउन तुलनात्मकरूपमा सस्तो, सहज र भरपर्दो हुन्छ । वैधानिक माध्यमबाट रेमिटचान्स पठाउनेलाई सरकारले विभिन्न सुविधासमेत दिएको छ ।

नेपालमा पैसा पठाउन विभिन्न रेमिटचान्स कम्पनीहरूले सेवा दिँदै आइरहेका छन् । आफू कार्यरत देशबाट कुन कुन रेमिटचान्स कम्पनीले नेपालमा पैसा पठाउन काम गरिरहेका छन् भन्ने बुझ्नुपर्छ । अझ यसमा बुझ्न के जरुरी छ भने ती रेमिटचान्स कम्पनी नेपालमा रेमिटचान्स कारोबार गर्न अनुमति प्राप्त कम्पनी हो कि होइन । कतिपय अनुमति नलिई सञ्चालन गरिएको कम्पनीले कम सेवा शुल्क र बढी विनिमय दरमा पठाइदिने प्रलोभनमा पारेर ठगी गर्न सक्छन् । यसमा सचेतता अपनाउन जरुरी छ ।

रेमिटचान्स पठाउँदा पूर्ण विवरणसहित रकम पठाएको भौचर लिन अनिवार्य हुन्छ । त्यस्तो भौचर सुरक्षित राख्नुपर्छ । केही कारण नेपालमा पाउनुपर्ने व्यक्तिले नपाएको खण्डमा उक्त भौचरमार्फत दाबी गर्न सकिन्छ । यसका अलावा नेपालमा आउँदा सरकारले दिएका विभिन्न सेवा लिनका लागि पनि यस्तो भौचर आवश्यक पर्दछ ।

विदेशमा रहेका बैंक खातामार्फत पनि पैसा पठाउन सकिन्छ । यसका लागि पैसा पठाउने र प्राप्त गर्ने दुवै व्यक्तिको बैंक खाता हुनुपर्छ र बैंकको अन्तर्राष्ट्रिय सञ्जाल हुन पनि जरुरी हुन्छ । पैसा पठाउने व्यक्तिले पैसा प्राप्त गर्ने व्यक्तिको बैंकको नाम, खाता नम्बर र बैंकको एक अन्तर्राष्ट्रिय कोड जसलाई 'स्विफ्ट कोड' भनिन्छ, यी जानकारीहरू बैंकमा उपलब्ध गराएपछि इच्छाइएको व्यक्तिको खातामा रकम पुग्ने छ । यो माध्यमबाट पैसा पठाउन साधारणतया रेमिटचान्सभन्दा महँगो पर्छ ।

पैसा पठाउने क्रममा अनौपचारिक र गैरकानुनी माध्यमहरू पनि भेटिन्छन् । यस्ता संयन्त्रमा आफूले पठाएको पैसाको कुनै ग्यारेन्टी नहुने हुनाले पैसा डुब्ने जोखिम धेरै हुन्छ । त्यसैले हुण्डीलगायत अवैधानिक च्यानल र व्यक्तिगत माध्यमबाट कहिल्यै पनि पैसा पठाउनु हुँदैन । यसरी अवैधानिक च्यानलबाट पैसा पठाउँदा भोलि नेपालमा आएपछि पनि समस्या हुनसक्छ । त्यसैले सधैं नेपाल राष्ट्र बैंकबाट अनुमतिप्राप्त रेमिटचान्स कम्पनी र तिनका आधिकारिक एजेन्टमार्फत वा बैंकिङ च्यानलमार्फत मात्रै पैसा पठाउने गर्नुपर्छ ।

# मधेसी समुदायका निम्ति संविधान संशोधन अपरिहार्य



■ महेन्द्रकुमार राय

❛ गणतन्त्रको विकल्प भनेको सुधारिएको गणतन्त्र नै हो । यद्यपि, लोकतन्त्रमा सबैले आफ्नो माग राख्न पाउने अधिकार हुन्छ । तर अब यही संघीय लोकतान्त्रिक गणतन्त्रलाई बलियो बनाउनुपर्छ । गणतन्त्र बलियो बनाउनका लागि राजनीतिक दलको मुख्य भूमिका हुन्छ । दलहरूबीच एकता नभएका कारण पनि राजतन्त्रवादीहरु सलबलाउने मौका पाएका छन् । अब जनताको अवस्था अझै सुधार गर्नका लागि दलहरूबीच एकताको आवश्यकता छ । दुई/चार जनाले संसद् वा सडकमा उफ्रिएर केही हुँदैन ।

प्रतिनिधिसभा सदस्य भएको करिब दुई वर्ष भयो । प्रतिनिधिसभामा रहँदै गर्दा दुई वर्षको समय खासगरी संविधानको मर्मअनुसार कानुन निर्माणमा केन्द्रित रह्यो । त्योसँगै जनताका समसामयिक विषयलाई संसद्मार्फत सरकारको ध्यानाकर्षण गराउने काम गर्दै आएको छु । विशेषगरी मधेस प्रदेशभित्र रहेका आठवटा जिल्लाका जनताको शिक्षा, स्वास्थ्य र बेरोजगारीलगायतका समस्या संसद्मा उठाउने काम भयो । अब छिट्टै 'संघीय निजामती सेवाको गठन, सञ्चालन र सेवाका सर्त सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०८० ', 'विद्यालय शिक्षासम्बन्धी कानुनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक, २०८०' र 'नेपाल प्रहरी ऐन, २०१२' आउँदै छ ।

त्यसैगरी 'कानुन व्यवसायी परिषद् (दोस्रो संशोधन) विधेयक, २०८१', 'मिडिया काउन्सिल विधेयक, २०८०', 'तिलगंगा नेत्र विश्वविद्यालय विधेयक, २०८१', 'पानीजहाज (सञ्चालन तथा व्यवस्थापन) विधेयक, २०८९' माथि छलफल भएको छ । सरकारले अध्यादेशमार्फत 'सुशासन प्रवर्द्धन तथा सार्वजनिक सेवा प्रवाहसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश २०८१', 'आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व (पहिलो संशोधन) अध्यादेश, २०८१' र निजीकरण (पहिलो संशोधन) अध्यादेश, २०८१ ल्याएको छ । त्यसैगरी सरकारले आर्थिक तथा व्यावसायिक वातावरण सुधार र लगानी अभिवृद्धिसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश, २०८१ ल्याएको छ ।

नेपालको भौगोलिक क्षेत्रअनुसार तराईको क्षेत्रफल २३.१ प्रतिशत र जनसंख्या ५३.६६ प्रतिशत छ । मूलरूपमा तराई क्षेत्रमा मधेसी समुदायको बसोबास छ । राष्ट्रिय जनगणना-२०७८ को तथ्यांकअनुसार २२.२२ प्रतिशत पूर्णमधेसी समुदायको जनसंख्या छ । मधेसी आयोगले पछिल्लो समय गरेको अध्ययनअनुसार नेपालको कूल ८६ हजार २९६ निजामती कर्मचारीमध्ये आठ प्रतिशत संख्या मधेसीको छ ।

स्थानीय तहमा मधेसी सुमदायको २४ प्रतिशत, प्रदेशसभामा छ प्रतिशत, प्रतिनिधिसभामा १७ प्रतिशत राष्ट्रिय सभामा आठ प्रतिशत र १२ प्रतिशत रहेको छ । निजामतीमा मधेसी समुदायलाई २२ प्रतिशत आरक्षण गरिएको छ । मधेसी समुदायको हक हित प्रवर्द्धन गर्दै उनीहरूलाई राज्यको मूलप्रवाहमा प्रवाहीकरण गर्न नेपालको संविधानको धारा २६२ मा मधेसी आयोगको व्यवस्था गरिएको छ ।

संविधानको प्रस्तावनामै बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक तथा भौगोलिक विविधतायुक्त विशेषतालाई आत्मसात् गरी विविधताबीचको एकता, सामाजिक सांस्कृतिक ऐक्यबद्धता, सहिष्णुता र सद्भावलाई संरक्षण एवं प्रवर्द्धन गर्दै वर्गीय, जातीय, क्षेत्रीय, भाषिक, धार्मिक, लैंगिक विभेद र सबै प्रकारका जातीय छुवाछूतको अन्त्य गरी आर्थिक, समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने भनिएको छ । तर त्यसको कार्यान्वयन हुन सकेको छैन । पहिलो कुरा, संविधानमा मधेसी समुदायको अधिकार पूर्णरूपमा समावेश गरिएको छैन । दोस्रो कुरा, मधेसी समुदायबारे संवैधानिक अधिकारको कार्यान्वयन हुन सकेको छैन । मुख्यगरी मधेसी समुदायको कार्यपालिका (सरकार), व्यवस्थापिका (संसद्) र न्यायपालिका (अदालत) लगायत राज्यका नीति निर्माण तहमा जनसंख्याको आधारमा सहभागिता हुनुपर्छ ।

जसरी संसद्मा महिलाको ३३ प्रतिशत सुनिश्चित गरिएको छ । त्यसैगरी मधेसी समुदायको पनि संवैधानिकरूपमा सुनिश्चित गर्नुपर्छ । तराईमा भारतसँगको सिमानाको समस्या उत्तिकै छ । दैनिक उपभोग्य वस्तु किनमेल गर्न भारतबाट सहज हुनुपर्छ । कम्तीमा पाँच हजारदेखि १० हजारसम्मको वस्तुमा लाग्ने भन्सार छुट दिनुपर्छ ।

पछिल्लो समयमा रोजगारीको सिलसिलामा विदेश जाने युवाको संख्या बढ्दो छ । अध्ययनका लागि विदेश जाने नेपालीको संख्या पनि उत्तिकै छ । त्यो जनशक्तिलाई रोक्नका लागि सरकारले शिक्षा प्रणालीलाई सुधार गर्नुपर्छ । व्यावहारिक र रोजगार मूलक शिक्षा प्रणाली बनाउनुपर्छ । अर्को रोजगारीका लागि विदेश जाने युवा पुस्तालाई रोक्नका लागि सरकारले कलकारखाना खोल्नुपर्छ । उद्योग खोल्नुपर्छ । देशको पर्यटन क्षेत्रमा अझै लगानी बढाउनुपर्छ । देशको मुख्य भनेको कृषि हो । सरकारले कृषिमा लगानी गर्न सकेको छैन । तराईमा सिँचाइको व्यवस्था गर्नुपर्ने आवश्यक छ ।

त्यसैगरी खेतीको लागि मल र बीउ पनि पाउन सकेका छैनन् मधेसका किसानहरूले । भारतसँगको बोर्डरका कारण मधेसका जनताले पहिलेदेखि नै समस्या भोग्नुपरेको छ । त्यो समस्या समाधानका लागि सरकारले पहल गर्नुपर्छ । सरकारले ल्याउने नीति तथा कार्यक्रम र बजेटमा मधेसी समुदायलाई जहिल्यै विभेद गरिएको छ । राज्यले मधेसी समुदायलाई धेरै कुरामा विभेद गरेको छ । मधेसी समुदायको निम्ति छुट्टै बजेटको व्यवस्था गर्नुपर्छ ।

राष्ट्रिय जनगणना-२०७८ को प्रतिवेदनअनुसार मधेस प्रदेशको एउटा पनि जिल्ला पूर्णसाक्षर घोषणा हुन सकेको छैन । रौतहट, महोत्तरी र सर्लाहीको साक्षरता दर औसत जिल्लाहरूभन्दा खस्किएको छ । ५७ प्रतिशत साक्षरता रहेको रौतहट, ५९ प्रतिशत साक्षरता रहेको महोत्तरी र ६० प्रतिशत साक्षरता रहेको सर्लाहीको अवस्थाभन्दा मधेसको अन्य जिल्लाको शैक्षिक अवस्था त्यति फरक छैन । धनुषा, सिरहा र सप्तरी पनि शिक्षामा कमजोर छ । त्यसैले सरकारले मधेसको शिक्षामा लगानी बढाउनुपर्छ ।

पछिल्लो समय वर्तमान व्यवस्थामाथि प्रश्न उठाउने काम भइरहेको छ । व्यवस्था कमजोर पार्न विभिन्न षड्यन्त्रहरू पनि भइरहेका छन् । यथार्थमा गणतन्त्रको विकल्प भनेको सुधारिएको गणतन्त्र नै हो । यद्यपि, लोकतन्त्रमा राजतन्त्रको माग गर्न पाइन्छ । सबैलाई आफ्नो माग राख्न पाउने अधिकार हुन्छ । तर अब यही संघीय लोकतान्त्रिक गणतन्त्रलाई बलियो बनाउनुपर्छ । गणतन्त्र बलियो बनाउनका लागि राजनीतिक दलको मुख्य भूमिका हुन्छ । दलहरूबीच एकता नभएका कारण पनि राजतन्त्रवादीहरू सलबलाउने मौका पाएका छन् । अब जनताको अवस्था अझै सुधार गर्नका लागि दलहरूबीच एकताको आवश्यकता छ । दुई/चार जनाले संसद् वा सडकमा उफ्रिएर केही हुँदैन । मेरो पक्षमा जनता छैनन् भन्ने कुरा पूर्वराजाले बुझ्नुपर्छ ।

संघीयतालाई अझै बलियो र सुदृढ बनाउनका लागि संविधानलाई स्थानीय तहलाई दिएको अधिकारको उपयोग गर्न दिनुपर्छ । प्रदेश र स्थानीय तहको अधिकार संघीय सरकारले हस्तक्षेप गर्नुहुँदैन । बरु संघीय सरकारले प्रदेश र स्थानीय सरकारलाई आवश्यक कानुन जतिसक्दो चाँडो बनाइदिनुपर्छ । नेपालको प्रतिनिधिसभामा रहँदै गर्दा मेरो भूमिका कानुन निर्माणमा केन्द्रित हुन्छ । मधेसी समुदायको निम्ति संविधान संशोधन गर्न पल गर्ने मेरो अबको भूमिका हुन्छ । त्यसैगरी मधेसी समुदायको अधिकारप्राप्तिका लागि पहल गर्ने मेरो भूमिका हुन्छ ।

*(प्रतिनिधिसभा सदस्य रायसँग राससले गरेको कुराकानीमा आधारित)*

# समृद्ध मुलुक निर्माणमा जुटौं



■ विविशा पौडेल

नेपाल एक सुन्दर, प्राकृतिक स्रोतसाधनले भरिपूर्ण तर आर्थिकरूपमा विकासोन्मुख देश हो । लामो संघर्षपछि मुलुकले राजनीतिक रूपमा नयाँ मोड लिएको भए पनि आर्थिक समृद्धि अझै टाढा देखिन्छ । वर्तमान अवस्थामा विभिन्न राजनीतिक दल तथा समूहहरू विभिन्न मुद्दा उठाउँदै प्रदर्शन तथा आन्दोलनमा संलग्न भइरहेका छन् । तर, के यी प्रदर्शनहरूले आमनागरिकको जीवनस्तर सुधार गर्छन् त ? यदि यस्ता गतिविधिमा खर्च गरिने स्रोतसाधनलाई उत्पादनमूलक क्षेत्रमा लगानी गर्न सकियो भने नागरिकलाई प्रत्यक्षरूपमा राहत पुग्न सक्थ्यो । शिक्षा, स्वास्थ्य, रोजगारी सिर्जना, पूर्वाधार विकास, ऊर्जा तथा प्रविधिमा सही ढंगले लगानी गर्न सकेमा देशले तीव्र आर्थिक वृद्धिको यात्रा तय गर्न सक्छ ।

आफ्नै बालबालिकाको उज्ज्वल भविष्यको आधार शिक्षा क्षेत्रमा लगानी गर्ने हो भने बालबालिकालाई कहीँ कतै आफूभन्दा टाढा पठाउनु पर्दैनथ्यो होला । त्यसकारण प्रदर्शनमा होमिनुपूर्व एकचोटि सोच्न आवश्यक देखिन्छ । साथै मुलुकको भविष्य निर्माणका लागि शिक्षामा लगानी गर्नैपर्ने भएको छ । अझै पनि ग्रामीण क्षेत्रमा गुणस्तरीय शिक्षाको अभाव छ । शिक्षा क्षेत्रमा लगानी गरेर सरकारी विद्यालयहरूको पूर्वाधार सुधार गर्नु आवश्यक देखिन्छ । दक्ष शिक्षकको व्यवस्था तथा तलब वृद्धि गरेर शिक्षण प्रक्रियामा सुधार ल्याउन सकिन्छ । साथै, प्रविधिमैत्री शिक्षा प्रणालीको विकास र प्राविधिक तथा व्यावसायिक शिक्षालाई प्राथमिकतामा राखी सबै बालबालिकालाई निःशुल्क तथा गुणस्तरीय शिक्षा प्रदान गर्ने कार्यक्रम ल्याउनु आवश्यक छ । यसरी शिक्षामा सुधार ल्याएमा आज जसरी देशमा केही परिवर्तन ल्याउन आन्दोलन गरिरहेको छ आगामी पुस्ताले यो सिको गर्नु पर्दैनथ्यो ।

स्वास्थ्य क्षेत्रमा सुधारसँगै नागरिकलाई सर्वसुलभ स्वास्थ्य सेवा उपलब्ध गराउनु आवश्यक छ । तर देशको स्वास्थ्य सेवा अझै पनि सर्वसुलभ छैन । दूरदराजका क्षेत्रहरूमा आधारभूत स्वास्थ्य सेवासमेत उपलब्ध छैन । यदि सरकार तथा अन्य निकायहरूले प्रदर्शनमा उत्रिने समयमा स्वास्थ्य संस्था वरिपरिको वातावरण सरसफाइमा र प्रदर्शनमा गर्ने खर्च नागरिकको स्वास्थ्यलाई मध्यनजर गरी औषधि वा अन्य स्वास्थ्य क्षेत्रमा लगानी गर्ने हो भने देशमा कुनै तन्त्रविना नै सुव्यवस्था कायम हुने थियो । यसका लागि ग्रामीण क्षेत्रमा नयाँ अस्पताल तथा स्वास्थ्यचौकी स्थापना गर्नु आवश्यक देखिन्छ । साथै, सडकमा यो तन्त्र वा त्यो तन्त्र भन्नुभन्दा निःशुल्क औषधि तथा उपचार सेवा उपलब्ध गराउने नीति बनाउनु आवश्यक छ । सहजै उपचार सेवा उपलब्ध गराउनका लागि दक्ष स्वास्थ्यकर्मी तथा चिकित्सकहरूको संख्या बढाउनेतिर लाग्ने हो भने कुनै तन्त्रको खाँचो नभएको बुझ्न सकिन्छ । साथै सर्वसुलभ स्वास्थ्य बिमा कार्यक्रम कार्यान्वयन गरे पनि सर्वसाधारणलाई राहत मिल्ने छ । आकस्मिक स्वास्थ्य सेवाहरूलाई प्रभावकारी बनाउने नीति भएमा कसैको पनि अकालमै ज्यान जाने अवस्था रहँदैन ।

रोजगारी सिर्जना र उद्यमशीलताको प्रवर्द्धन गर्नु आजको आवश्यकता हो । पछिल्लो समय बेरोजगारी दर उच्च हुँदै गएको छ, जसले गर्दा हजारौं युवाहरू वैदेशिक रोजगारीमा निर्भर छन् । यदि सरकारले रोजगारी सिर्जनाका लागि लगानी गर्ने हो भने हाम्रो देशको दक्ष जनशक्ति परनिर्भर हुनुपर्ने थिएन । प्रदर्शन कहाँदेखि कहाँसम्म र कसरी भन्ने विषयमा सोच्नुभन्दा पनि अब रोजगारी कसरी सिर्जना गर्ने भन्ने विषयमा सोच्नु आवश्यक देखिन्छ । यसका लागि कृषि, पर्यटन तथा उत्पादनमूलक क्षेत्रमा लगानी वृद्धि गर्नुपर्छ । साना तथा मझौला उद्यमहरूलाई प्रोत्साहन गर्ने र स्वरोजगार कार्यक्रमहरूलाई सशक्त बनाई युवा उद्यमीलाई वित्तीय सहुलियत तथा तालिम कार्यक्रम प्रदान गरेर देशमा नै केही गर्ने वातावरण बनाए देशले मुहार फेर्ने छ ।

अझै पनि सार्वजनिक यातायात र पूर्वाधार विकास व्यवस्थितरूपले भएको देखिँदैन । देशको यातायात पूर्वाधार अहिले पनि धेरै ठाउँमा कमजोर छ । विकासका लागि प्रभावकारी यातायात प्रणाली अनिवार्य आवश्यक छ । ग्रामीण तथा सहरी क्षेत्रहरूलाई जोड्ने सडकको स्तरोन्नति गर्नु आवश्यक देखिन्छ । प्रदर्शनमा झण्डा बोकेर हिँड्नुभन्दा आवश्यक सामग्री बोकेर सडकको स्तरोन्नति गर्न हिँडेमा नयाँ कामको थालनी भएको देख्न पाइन्छ । यस्तो गरेमा अहिलेको युवा पुस्तामा पनि छुट्टै खालको जोस जाँगर पैदा हुने विश्वास गरिन्छ । त्यतिमात्र नभएर सुरक्षित तथा व्यवस्थित यातायात सेवाको विस्तार हुन्छ । बाढी तथा भू-स्खलन प्रभावित क्षेत्रहरूमा दिगो पूर्वाधार निर्माण गर्नु पनि आवश्यक छ ।

ऊर्जा र प्रविधिमा लगानी गरी आधुनिक नेपाल निर्माणको थालनी गर्नु अहिलेको आवश्यकता हो । जलविद्युत् उत्पादनका लागि अपार सम्भावना बोकेको देश भएर पनि हालसम्म उपलब्ध ऊर्जा स्रोतहरूको पूर्णउपयोग हुन सकेको छैन । यदि ऊर्जा तथा प्रविधिमा लगानी गर्ने हो भने जलविद्युत् तथा वैकल्पिक ऊर्जाको प्रवर्द्धन गरी विकट ग्रामीण क्षेत्रमा विद्युत् विस्तार गर्न सकिन्छ । यदि क्षमता अनुसारको ऊर्जा उत्पादन गर्न सकेमा मुलुकले ठूलो लाभ लिन सक्ने प्रशस्त सम्भावना छ ।

कृषि क्षेत्रमा लगानी गरी आत्मनिर्भर अर्थतन्त्रको आधार बनाउन सक्ने सम्भावना बोकेको देशमा पनि कयौं भूमि बाँझो बन्दै गएका छन् । कृषिप्रधान देशमा आधुनिक कृषि प्रविधि र दक्ष जनशक्ति नभएका कारण उत्पादकत्व न्यून छ । कृषिप्रधान देश भन्दै गर्दा आज आयातमा निर्भर हुनुपरेको दुर्भाग्यपूर्ण अवस्था छ । देशलाई परनिर्भरबाट आत्मनिर्भर बनाउनेतर्फ सबैको अग्रसरता र भूमिका आवश्यक त । सडकमा नारा लगाएर मात्रै पनि समाधान निस्कँदैन, जबसम्म हामी आफैं जिम्मेवार बन्दैनौं । देशमै उत्पादन गर्न आधुनिक कृषि प्रविधि तथा तालिमको प्रवर्द्धन र सिँचाइ प्रणालीको विस्तार गरी कृषकलाई अनुदान तथा सहुलियत ऋणको व्यवस्था गर्नुपर्छ । अबको व्यवस्था भनेको जैविक तथा निर्यातमुखी कृषि उत्पादनको प्रवर्द्धनको व्यवस्था बनाउनुपर्ने देखिन्छ ।

देशको आर्थिक समृद्धिका लागि सही लगानी क्षेत्रहरूको पहिचान गर्न आवश्यक छ । गैरउत्पादक क्षेत्रमा गरिने खर्चलाई यदि शिक्षा, स्वास्थ्य, रोजगारी सिर्जना, पूर्वाधार विकास, ऊर्जा तथा प्रविधिमा लगानी गर्न सकियो भने मुलुकले द्रुत आर्थिक वृद्धिको बाटो समात्न सक्छ । अब राजनीतिक अस्थिरता हटाएर दीर्घकालीन विकासमा ध्यान केन्द्रित गर्न आवश्यक छ । समृद्ध नेपाल निर्माणका लागि सरकार, निजी क्षेत्र, नागरिक समाज तथा सम्पूर्ण नेपाली एकजुट हुनुपर्ने बेला आएको छ । मुलुकलाई समृद्ध बनाउन मैले पनि योगदान गर्नुपर्छ भन्ने सोच सबैमा हुन आवश्यक छ ।

# संरक्षणको पर्खाइमा मुस्ताङको ऐतिहासिक 'कागबेनी दरबार'

**मुस्ताङ–** जिल्लाको बारागुङ मुक्तिक्षेत्र-४ कागबेनी गाउँभित्र भग्नावशेष अवस्थामा १२०० वर्ष पुरानो ऐतिहासिक दरबार छ । पूरै सख्खर माटोले निर्माण भएको सात तलाको यो दरबार अहिले चार तलामा परिणत भएको छ ।

मुस्ताङको कागबेनीस्थित यस दरबारमा बसेर त्यसबेलाका राजाले शासन चलाउने गर्दथे । तत्कालीन समयमा दरबारमा बसेर जुम्लाबाट आएका राजाले राजकाज गरेको इतिहास रहेको स्थानीयवासी बताउँछन् । यस दरबार र यहाँ बसेर शासन गर्ने राजाको पर्याप्त सूचना भने अझै अनुसन्धानका क्रममा रहेको कागबेनीका स्थानीयको भनाइ छ ।कागबेनी गाउँको गुजमुच्च एकापसमा ढुंगा र माटोले निर्मित पुराना घरको बीचमा ऐतिहासिक कागबेनी दरबार अवस्थित छ । यही दरबारमा बसेर त्यस समय जुम्लाबाट आएका राजाले लोमान्थाङका राजालाई चुनौती दिने गरेको बारागुङ मुक्तिक्षेत्र गाउँपालिकाका पूर्वअध्यक्ष फेन्चोक छेप्तेन गुरुङले उल्लेख गरे । मुस्ताङी राजाबाट पराजित भएपछि त्यसबेलाका राजाले दरबार छोडेको भन्ने भनाइ रहेको उनले सुनाए ।

पूर्वअध्यक्ष गुरुङका अनुसार जुम्लाबाट आएर शासन चलाएका त्यसबेलाका राजाले मुस्ताङको पान्डाखोलाबाट उपल्लो मुस्ताङको घिलिङसम्म शासन गरेका इतिहास छन् । त्यसबेलाका राजाले कागबेनीसहित फल्याक, धाकार्जुङ, पाक्लिङ, तिरी, पुराङ, झोङ, मुक्तिनाथ, छुसाङ, तेताङ, चैले, समर र घिलिङ गाउँसम्म आधिपत्य जमाएर शासन गरेका अभिलेखहरू रहेका उनले उल्लेख गरे ।



'तत्कालीन राजाले कागबेनी दरबारमा बसेर प्रजाहरूसँग अत्याचार र दमन गर्दथे । हालको बारागुङ मुक्तिक्षेत्रलाई (ज्याप बारागुङ) भन्ने गरिन्थ्यो र राजाले प्रजालाई खाना दिएर काममा लगाउँथे । राजाको आदेश पालना नगरेमा राजाले जनतालाई शारीरिक यातना दिएर सजाय पनि दिने गर्दथे भन्ने कुरा अनुसन्धानबाट पत्ता लागेको छ,' पूर्वअध्यक्ष गुरुङले भने ।

उनले कागबेनीमा जुम्लाबाट आएका कुन राजाले शासन गरेका थिए भन्ने अहिलेसम्म खुल्न नसकेको बताए । 'हामीले यसको अभिलेख खोज्दै छौं, धेरै विषयबा बारेमा स्रोत संकलनको क्रममा छ,' उनले भने, 'यो ऐतिहासिक दरबारलाई संग्रहालयको रूपमा विकास गर्ने उद्देश्य छ । तर, गाउँपालिका र स्थानीयवासीबाट यसमा पर्याप्त सहयोग हुन सकिरहेको छैन ।'

करिब १२०० वर्षअघि कागबेनी गाउँमा दूधको कुण्ड थियो । त्यही दूधकुण्ड मासेर त्यसबेलाका राजाले यहाँ १०८ कोठा भएको सातत्ले दरबार निर्माण गरेका कागबेनी मन्दिर तथा श्राद्धस्थल व्यवस्थापन समितिकी अध्यक्ष लक्ष्मी गुरुङले उल्लेख गरिन् । पूरै सख्खर माटोले निर्माण भएको उक्त दरबार हावाहुरी र घामपानीले जीर्ण बन्दै जाँदा ढलेर चार तला मात्रै बाँकी रहेको उनको भनाइ छ ।

तत्कालीन समयमा निर्मित दरबारको जग करिब दुई मिटर बढी रहेको अध्यक्ष गुरुङले जानकारी दिइन् । राजाको दरबार बनाउँदा जगलाई याकले थिचेर निर्माण गरिएको भन्ने कथनहरू रहेका उनले बताइन् । बारागुङ मुक्तिक्षेत्रमा महत्त्वपूर्ण सांस्कृतिक पर्व यार्तुङमा गीत गाउँदा यही दरबार हुँदा सुरु भएको भातिन गीत अझै प्रचलनमा रहेको अध्यक्ष गुरुङले बताइन् । मुस्ताङमा यो गीत कागबेनीका स्थानीयले मात्रै यार्तुङ पर्वमा गाउने गरेका भन्दै त्यसबाहेक अन्य गाउँमा भने प्रचलनमा नरहेको उनले जानकारी दिइन् । 'यार्तुङ पर्वमा कागबेनीका स्थानीयले गाउने यो गीतमा कागबेनी दरबारलाई सम्मान गरेर दरबार निर्माणका विषयवस्तु समेटिएका हुन्छन्,' उनले भनिन् ।

कागबेनी भग्नावशेष दरबारभित्र माटोबाट बनाइएका गुरु रिन्पोछे र अन्य देवीदेवताका मूर्तिहरूसँगै भत्किएका दरबारको झ्याल ढोकाहरू दरबारभित्रै अझै सुरक्षित राखिएका छन् । दरबारको बाँकी तलामा स्थानीय कामदार बस्ने गरेका छन् भने भित्र पशुचौपायाको खोरजस्तो बनेको छ । प्रसिद्ध धार्मिकस्थलका रूपमा रहेको मुस्ताङको कागबेनीमा अवस्थित यो दरबारका बारेमा अधिकांश पर्यटक बेखबर छन् । ऐतिहासिकता झल्किने कागबेनी दरबारलाई उचित संरक्षण नहुँदा जीर्ण अवस्थामा पुगेको छ । सातत्ले राजाको पुरानो दरबारमाथिको तीन तलाको केही भाग ठिंग उभिएको छ । बाँकी चार तला पनि जीर्ण अवस्थामा छ । कागबेनी दरबार अहिले संरक्षणको पर्खाइमा छ । पुरानो दरबारलाई खोज तथा अनुसन्धान गरेर संरक्षण गर्नसकेमा यस क्षेत्रको पर्यटन प्रवर्द्धनमा टेवा पुग्ने स्थानीय बताउँछन् । *रासस*

# शैक्षिकसत्र सुरु नहुँदै पाठ्यपुस्तक

किमाथांका (संखुवासभा)- यस वर्ष शैक्षिकसत्र सुरु हुनु अगावै जिल्लामा पाठ्यपुस्तक आइपुगेको छ । जिल्लाका १० वटै स्थानीय तहमा शैक्षिकसत्र अगावै पाठ्यपुस्तक पुगेको हो ।

भौगोलिक विकटताका कारण दुर्गम गाउँका विद्यालयमा पाठ्यपुस्तक समयमा नपुग्ने समस्या हटाउन पुस्तक व्यवसायीले पाठ्यपुस्तक समयअगावै उपलब्ध गराएका हुन् । यसअघिका वर्षहरूमा पाठ्यपुस्तक समयमा नपुग्ने संखुवासभामा यो पटक नयाँ शैक्षिकसत्र सुरु नहुँदै गाउँगाउँमा पाठ्यपुस्तक पुगिसकेका बिक्रेताले जनाएका छन् । सदरमुकाम खाँदबारीका पुस्तक व्यवसायीले सरकारी बिक्री केन्द्र स्थापना गरेर सामुदायिक



विद्यालयलाई पाठ्यपुस्तक बिक्री गरिरहेका व्यवसायी कृष्ण भण्डारीले बताए । सामूहिक लगानीमा बिक्रीकक्ष सञ्चालन गरी पाठ्यपुस्तक उपलब्ध गराउन थालिएको उनको भनाइ छ ।

भण्डारीले जिल्लाका १० वटै स्थानीय तहमा ८० प्रतिशत बढी पुस्तक पुगिसेको जानकारी दिए । उनका अनुसार अन्य स्थानीय तहका विद्यालयले पनि पाठ्यपुस्तक लैजाने तयारी गरिरहेका छन् ।

संखुवासभामा प्रतिकक्षा दुई हजार ५०० का दरले पुस्तक आवश्यक पर्दछ । सरकारले जनक शिक्षा सामग्री केन्द्रबाट पुस्तक छपाइ गरेकाले यो वर्ष पुस्तक वितरण सहज भएको व्यवसायीको भनाइ छ । यो वर्ष जिल्लामा वैशाख १ गतेभित्र विद्यार्थीको हातहातमा पाठ्यपुस्तक पुर्‍याउनेगरी वितरण भइरहेको भण्डारीले बताए । *रासस*

**बागमती प्रदेश सरकार**

**आन्तरिक मामिला तथा कानुन मन्त्रालय**

**हेटौंडा, मकवानपुर**

## सार्वजनिक सूचना

**(प्रकाशित मिति: २०८१/१२/२८)**

यस मन्त्रालयको आ.व. २०८१/२०८२ को वार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत प्रदेशस्तरिय पत्रकार/प्रेस संघ संस्था लगायतलाई अनुदान कार्यक्रम कार्यान्वयनका लागि प्रदेशस्तरीय पत्रकार तथा सञ्चार माध्यममा कार्यरत पत्रकारहरूका संघ संगठनलाई अनुदान बितरण सम्बन्धी कार्यविधि, २०८१ को दफा ४ बमोजिमको कार्य गर्नका लागि दफा ८ बमोजिमको योग्यता पुगेका प्रदेशस्तरीय पत्रकार तथा सञ्चार माध्यममा कार्यरत पत्रकारहरूका संघ संगठनलाई कार्यबिधिको दफा ९ को उपदफा १ बमोजिमका प्रमाण खुल्ने कागजात सहित कार्यबिधिको अनुसूची-१ बमोजिमको ढाँचामा कार्ययोजना सहित सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र यस मन्त्रालयमा वा ईमेल ठेगाना moial@bagamati.gov.np मार्फत प्रस्ताव पेश गर्न सम्बन्धित सरोकारवाला सबैलाई यो सूचना प्रकाशित गरिएको छ।यस सम्बन्धी कार्यबिधि र थप जानकारी मन्त्रालयको वेब-साइट www.moialbagamati.gov.np वा मन्त्रालयमा सम्पर्क गरि प्राप्त गर्न सकिनेछ ।

# पूर्वाधार पुनर्निर्माणसँगै फेरियो विद्यालयको मुहार

**बाँके (प्रस)–** वर्षात्मा पानी चुहिएर पठनपाठनमा समस्या हुने गरेको बैजनाथ गाउँपालिका-१ चिसापानीस्थित रारा माध्यमिक विद्यालयका भवनमा नयाँ जस्तापाता र रङरोगनपछि चिटिक्क देखिएको छ ।

नयाँ शैक्षिक सत्रको सुरुआतसँगै विद्यालयको भौतिक पूर्वाधार पुनर्निर्माण भएपछि यतिबेला विद्यालयका शिक्षक, विद्यार्थी र अभिभावक सबै खुसी देखिएका छन् । शौभाग्य शाह फाउण्डेसनले विद्यालय भवनमा जीर्ण भएको छानामा नयाँ जस्तापाताले पुनर्निर्माण गर्नुका साथै भवनमा रङरोगन गरिदिएपछि विद्यालयको मुहार नै फेरिएको प्रधानाध्यापक मानबहादुर खड्काले बताए । उनका अनुसार बर्खायाममा पानी चुहिएर पढ्न नमिल्ने अवस्थामा पुगेको विद्यालयको तीन भवनमा जस्तापाता फेर्नुका साथै भवन रङरोगन गरिएको हो । रङरोगन पछि यतिबेला विद्यालय भवन तथा मुख्य प्रवेशद्वार आकर्षक देखिएका छन् ।

विद्यालयको भौतिक पूर्वाधारको अवस्था दयनीय रहेकाले फाउण्डेसनले सामाजिक कार्यअन्तर्गत विद्यालयलाई १३ लाख रूपैयाँबराबरको भौतिक पूर्वाधार तथा खेल सामग्री सहयोग गरेको फाउण्डेसनका अध्यक्ष अनुपविक्रम शाहले बताए । 'रारा माध्यमिक विद्यालयको भवन भए पनि बर्खामा पानी चुहिएर पढ्नै नमिल्ने अवस्था थियो, तीन वटा भवनमा जस्तासहित सम्पूर्ण विद्यालय रङरोगन गरेर बच्चालाई पानी चुहिनबाट बचाउने काम गरेका छौं, भलिबल र टेबल टेनिस कोर्ट तथा खेल सामग्री पनि सहयोग गरेका छौं,' उनले भने, 'हाम्रो परिवारले दाइको सम्झनामा शौभाग्य शाह फाउण्डेसन स्थापना गरेर सामाजिक, स्वास्थ्य, वातावरण र शिक्षा क्षेत्रमा काम गर्दै आएका छौं ।'

शैक्षिक क्षेत्रका अग्रणी व्यक्तित्व डा. शौभाग्य शाहको १५ वर्षअघि हृदयाघातबाट निधन भएको थियो । स्व.डा. शाहको सम्झनामा परिवारले फाउण्डेसन स्थापना गरेर सामाजिक कार्य गर्दै आएको छ । वडा नम्बर १ का वडाध्यक्ष रूपबहादुर मल्लले शौभाग्य शाह फाउण्डेसनले विद्यालयलाई गरेको सहयोग अविस्मरणीय रहेको बताए । माध्यमिक तहको विद्यालय चलाउन अझै पनि समस्या भएकाले आगामी दिनमा पनि यस्ता सहयोगलाई निरन्तरता दिन फाउण्डेसनलाई आग्रह गरे ।


**युएइमा रोजगार** कम्पनी : Al Ryum Contracting And General Transport Llc

पूर्व स्वीकृति मिति : २०८१/१२/२७ LT. No. 320696 चलानी नं. ६०२३५८९३

| सि. नं. | कामदारको पद | माग संख्या पुरूष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Carpenter | 20 | 0 | 1200 | ४४,६९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Draft Man | 5 | 0 | 2500 | ९३,११० | | | | | | | |
| 3 | Labours | 40 | 0 | 800 | २९,७९५ | | | | | | | |
| 4 | Mason (Block) | 40 | 0 | 1200 | ४४,६९५ | | | | | | | |
| 5 | Mason (Tile) | 30 | 0 | 1200 | ४४,६९५ | | | | | | | |
| 6 | Pipe Fitter | 15 | 0 | 1200 | ४४,६९५ | | | | | | | |
| 7 | Plumber | 15 | 0 | 1200 | ४४,६९५ | | | | | | | |
| 8 | QA / QC Engineer | 10 | 0 | 5000 | १८६,२२५ | | | | | | | |
| 9 | Quantity Surveyor | 5 | 0 | 3000 | १११,७३५ | | | | | | | |
| 10 | Steel Fixer | 20 | 0 | 1200 | ४४,६९५ | | | | | | | |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ वैशाख ११/१२/१३ गते (24/25/26th April 2025) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

LIC No. 843/066/67

ALL CORNICE OVERSEAS SERVICE

Tokha 10 Samakhusi, Kathmandu, Nepal, Tel: +977-1-4950802 / 4950308, Mob: 9869105999, 9805118339

E-mail : info@allcorniceoverseas.com, allcornice99@gmail.com, Web: allcorniceoverseas.com


**Sudurpaschim Province Government**

**Ministry of Physical Infrastructure Development**

Transport Infrastructure Directorate

**Infrastructure Development Office**

**Baitadi**

## Invitation for Bids

**Date of publication: 2081/12/28 (10 April. 2025)**

1. Infrastructure Development Office, Baitadi has invites following e-Bids from all eligible Nepalese Bidders.

| S. N. | Contract Identification No: | Description of Work | Estimated Amount NRS. (With VAT and PS) | Bid Security amount | Cost of Bid Document (NRs.) |
|---|---|---|---|---|---|
| 1 | IDOBTD/NCB/W/R/081-82/74 | Construction and Upgrading of Bhaisegada-Nagarjun Sadak Da.Na.Pa., Baitadi | 1,48,76,725.96 | 3,95,000 | **3000** |
| 2 | IDOBTD/NCB/W/R/081-82/75 | Construction and Upgrading of Gokule Ratamata Lekam Ga Pa Kendra Jodne Sadak, Darchula | 96,60,309.86 | 2,56,000 | **3000** |
| 3 | IDOBTD/NCB/W/R/081-82/76 | Construction & Upgrading of Khalanga Malubela Jaejul Baaj Jusku Dallekh Sadak | 96,61,001.36 | 2,56,000 | **3000** |
| 4 | IDOBTD/NCB/W/R/081-82/77 | Construction & Upgrading of Rudrashwar -Maithraj-Mahadevsthan-Dhaulkanda-Patharkhani-Bajhang Road, Baitadi | 1,35,25,071.31 | 3,59,000 | **3000** |
| 5 | IDOBTD/NCB/W/R/081-82/78 | Construction & Upgrading of Salena-Durgasthan -Dehimandu Sadak, Baitadi | 1,06,24,607.50 | 2,82,000 | **3000** |

2. All Eligible Bidders may obtain further information from PPMO **website www.bolpatra.gov.np.**

**Office chief**

## कर्जा चुक्ता भुक्तानी गर्ने सम्बन्धी ३५ (पैतिस) दिने अत्यन्त जरूरी सूचना

(प्रकाशित मिति २०८१ साल चैत महिना २८ गते विहीबार)

यस विकास बैंकको शाखा कार्यालय पाल्पाबाट तपशिलमा उल्लेखित ऋणीहरुले विभिन्न कर्जा शीर्षक अन्तर्गत लिएको कर्जाको साँवा, ब्याज र अन्य दै दस्तुर समेत तिर्ने बुझाउने सम्बन्धमा बैंकसंग गरेको शर्त कबुलियत उल्लंघन गर्नु भएको र बैंकबाट पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत सो कर्जाको तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज तथा हर्जाना समेत चुक्ता भुक्तान गर्न आउने तर्फ कुनै चासो नदेखाउनु भएको र नआउनु भएकोले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिन भित्रमा बैंकलाई तिर्न बुझाउनु पर्ने सम्पूर्ण साँवा, ब्याज तथा हर्जाना ब्याज समेत चुक्ता भुक्तान गर्न आउनुहुन यो सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र यस संस्थामा सम्पर्क राखी संस्थाबाट लिएको कर्जाको सम्पूर्ण सावां, ब्याज र अन्य दै दस्तुर चुक्ता भुक्तान गर्नु होला । उक्त अवधि भित्र तपाईले यस संस्थाबाट लिएको कर्जाको साँवा, ब्याज र अन्य दै दस्तुर चुक्ता भुक्तान नगरेमा तपाई तथा तपाईको एकाघरसंगोलका अंशियार सदस्यहरुको नाममा रहे को चल अचल सम्पत्ति बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा ५७ उपदफा १ ले दिएका अधिकार प्रयोग गरी लिलाम बिक्री गरी संस्थाले आफ्नो सम्पूर्ण लेना रकम असुल उपर गरी लिने व्यहोरा अवगत गराउंदछौं । सो मार्फत पनि संस्थाको सम्पूर्ण लेना रकम असूल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, बैंक तथा वित्तीय संस्था ऋण असूली ऐन २०५८ र सोको नियमावली तथा प्रचलित कानून अनुसार ऋणी तथा व्यक्तिगत धनजमानीकर्ताको अन्य चल अचल जायजेथा श्रीसम्पत्तिबाट बांकी साँवा, ब्याज हर्जाना तथा अन्य दै दस्तुर असूल उपरका लागि अन्य कानूनी प्रकृया अगाडी बढाईने व्यहोरा ऋणी तथा धनजमानीकर्ताहरु तथा सम्बन्धित सबैलाई यो सूचना मार्फत सूचित गरिन्छ । साथै उक्त अवधि भित्र कर्जा चुक्ता नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ५७ को उपदफा ११ अनुसार ऋणी र व्यक्तिगत धनजमानीकर्ताको तीन पुस्ते विवरण कर्जा सूचना केन्द्र लि.को कालो सूचीमा नाम समावेश गरिने व्यहोरा समेत जानकारी गराईन्छ ।

**तपशिल**

**१) कर्जा शीर्षक : साधारण कर्जा**

| ऋणीको विवरण |
|---|
| प्रेम सिं सिंजालीको छोरी टेक बहादुर चर्तीको बुहारी थमन सिं चर्तीको पत्नी पाल्पा जिल्ला खानिछाप वडा नं. १ हाल, तानसेन न.पा. वडा नं. १ बस्ने **लक्ष्मी चर्ती** (ना.प्र.नं. : ३९३००९/१७ जारी मिति र जिल्ला : २०७०/०२/२५, पाल्पा) |
| **व्यक्तिगत धनजमानीकर्ताको विवरण** |
| १) जगत बहादुर चर्तीको छोरी हुम बहादुर सारुको बुहारी गंगा बहादुर सारुको पत्नी पाल्पा जिल्ला बगनासकाली गा.पा. वडा नं. १ बस्ने **तोरी सरा सारु** (ना.प्र.नं. : ३९-०१-७६-००९७९ जारी मिति र जिल्ला : २०७६/०२/१०, पाल्पा) |
| २) लाल बहादुर सारुको नाति हुम बहादुर सारुको छोरा पाल्पा जिल्ला बगनासकाली गा.पा. वडा नं. १ बस्ने **गंगा बहादुर सारु** (ना.प्र.नं. : ३९-०१-७६-००९८० जारी मिति र जिल्ला : २०७६/०२/१०, पाल्पा) |

**२) कर्जा शीर्षक : साधारण कर्जा**

| ऋणीको विवरण |
|---|
| पृथीलाल पाण्डेको बुहारी भिम बहादुर पाण्डेको पत्नी गुल्मी जिल्ला अर्बेनी वडा नं. २ हाल, पाल्पा जिल्ला रिब्दीकोट गा.पा. वडा नं. ३ बस्ने **लाली पाण्डे** (ना.प्र.नं. : ४११०३०/२२० जारी मिति र जिल्ला : २०७०/०१/१४, गुल्मी) |
| **व्यक्तिगत धनजमानीकर्ताको विवरण** |
| १) हर्ख बहादुर पाण्डेको नाति पृथीलाल पाण्डेको छोरा गुल्मी जिल्ला अर्बेनी वडा नं. २ हाल, पाल्पा जिल्ला रिब्दीकोट गा.पा. वडा नं. ३ बस्ने **भीम वहादुर पाण्डे** (ना.प्र.नं. : ४११०३५/१११३४८ जारी मिति र जिल्ला : २०६९/०८/१०, गुल्मी) |
| २) पृथीलाल पाण्डेको नातिनी भिम बहादुर पाण्डेको छोरी पाल्पा जिल्ला रिब्दीकोट गा.पा. वडा नं. ३ बस्ने **निसा पाण्डे मगर** (ना.प्र.नं. : ३९-०१-७९-०४४२२ जारी मिति र जिल्ला : २०७९/०५/०९, पाल्पा) |

**३) कर्जा शीर्षक : साना आवास कर्जा**

| ऋणीको विवरण |
|---|
| रनविर बोटेको नाति गजविर बोटेको छोरा पाल्पा जिल्ला खानिगाउ वडा नं. ६ हाल, बग्नासकाली गा.पा. वडा नं. ७ बस्ने **कमल बहादुर वोटे** (ना.प्र.नं. : ३९१००८/१९७ जारी मिति र जिल्ला : २०६६/०७/१७, पाल्पा) |
| **व्यक्तिगत धनजमानीकर्ताको विवरण** |
| १) धनविर बोटेको छोरी गजविर वोटेको बुहारी कमल बहादुर बोटेको पत्नी पाल्पा जिल्ला बगनासकाली गा.पा. वडा नं. ७ बस्ने **धनमाया बोटे** (ना.प्र.नं. ३९-०१-७७-०३८१० जारी मिति र जिल्ला : २०७७/०९/२८, पाल्पा) |
| २) भिम बहादुर बोटेको छोरी कमल बहादुर बोटेको बुहारी सोमविर बोटेको पत्नी पाल्पा जिल्ला बगनासकाली गा.पा. वडा नं. ७ बस्ने **सिर्जना बोटे** (ना.प्र.नं. ३९-०१-७६-००२०४ जारी मिति र जिल्ला : २०७६/०१/१०, पाल्पा) |
| ३) गजविर बोटेको नाति कमल बहादुर बोटेको छोरा पाल्पा जिल्ला खानीगाउँ गा.वि.स. वडा नं. ६ हाल, बगनासकाली गा.पा. वडा नं. ७ बस्ने **सोमविर बोटे** (ना.प्र.नं. ३९-०१-७९-००६४०५ जारी मिति र जिल्ला : २०६९/११/१०, पाल्पा) |
| ४) मनिराम घिमिरेको नाति झिल्लुराम घिमिरेको छोरा पाल्पा जिल्ला खानीगाउ वडा नं. १ हाल, बगनासकाली गा.पा. वडा नं. ७ बस्ने **श्री टोपराज घिमिरे** (ना.प्र.नं. : ३०४११ जारी मिति र जिल्ला : २०४६/०३/०८, पाल्पा) |

"नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको विकास बैंक"

**मुक्तिनाथ विकास बैंक लि.**

**MUKTINATH BIKAS BANK LTD.**

Winner of EUROPEAN MICROFINANCE AWARD 2020

**Central Office:** Lazimpat, Kathmandu, Tel.: 01-5970887, Toll Free No.: 16600149999

E-mail: info@muktinathbank.com.np, Web: www.muktinathbank.com.np

जनता बैंकमा होइन, बैंक जनतामा जानु पर्दछ

प्रभाव दैनिक




## 'कार्की साइँला' को मुख्य भूमिकामा जितु

फिल्म 'कार्की साइँला'मा जितु नेपाल अनुबन्धित भएका छन । फिल्मको मुख्य भुमिकामा नेपाल भित्रिएका हुन् । कर्ण बहादुर फिल्मस् प्रा.लिको व्यानरमा निर्माण हुने फिल्म राजेन्द्र बस्नेतले निर्देशन गर्न लागेका हुन् । फिल्मको प्रस्तुतकर्ता कृष्ण भगत चाम्लिङ रहेका छन् । बालकुमार राई र श्याम मगर निर्माता रहेको फिल्मे सिनेमाले ग्रामीण जीवनको कथा भन्नेछ । भुइँ मान्छेको कथालाई फिल्मले प्रस्तुत गर्ने निर्देशक बस्नेतले बताए । फिल्ममा डम्बर बहादुर राइको छायांकन र कथा, अजित लामिछानेको पटकथा तथा संवाद, जीवननाथ गौतमको गीत समावेश छ ।



बिहीबार, २८ चैत २०८१ (Thursday, April 10, 2025)

# अनिल निर्देशित चलचित्र 'कुस्ती'को छायांकन सकियो



■ प्रभाव संवाददाता

**काठमाडौं–** काठमाडौं तथा आसपासका क्षेत्रमा छायांकनरत फिल्म 'कुस्ती' को इन्डक्ल्याप गरिएको छ । छायांकनको ३९ औं दिनमा गीत बाहेकका दृश्य सकेर 'इन्डक्ल्याप' गरिएको निर्माता तथा निर्देशक अनिल योञ्जनले जानकारी दिए । प्रेम गरेता पनि स्वभाव भिन्नताले एकसाथ रहन सङ्घर्ष गर्न बाध्य जोडीको कथालाई फिल्ममा दर्शकले देख्न पाउने निर्देशक योञ्जनले बताए ।

उनले भने, 'कुस्ती एक अर्कासँग छुट्टिएर बस्न नसक्ने र सँगै रहन पनि नसक्ने मनका भावनाहरूको मधुर यात्रा हो । भावनात्मकतासँगै हास्यरसले भरिएको यो फिल्म प्रेम कथानक कमेडी ड्रामा हो ।'

निर्देशक योञ्जनले निर्धारित सेड्युल अनुसार नै फिल्मको छायाङ्कन सकिनुमा यसमा सङ्लग्न कलाकार र प्राविधिकको कार्य कौशलता महत्वपूर्ण रहेको बताएका छन् ।

छायाङ्कन अगावै सार्वजनिक थिम पोस्टरका कारण चर्चामा रहेको फिल्ममा अभिनेता धीरज मगर, मिरुना मगर, पुस्कर गुरुङ, लुनिभा तुलाधर, भोलाराज सापकोटा, दीकिला शेर्पा, रवीन्द्र झा, पुस्कर गुरुङ, राजाराम पौडेल, किरण केसी, लुनिभा तुलाधर, सूर्यमान लिम्बू, अरविन गुरुङ, रजनी गुरुङ, सुवर्ण थापा लगायतका कलाकारको अभिनय रहेको छ ।

एमटीभीको चर्चित भारतीय रियालिटी शो 'स्प्लिट्सभिल्ला' सिजन ५ बाट चिनिएकी दिकिला शेर्पाको यो डेब्यु नेपाली फिल्म हो । 'सहरको कथा भएकाले हामीले काठमाडौँ आसपासमा छायाङ्कन गरेका हौँ । दर्शकले धीरज र मिरुनाको जोडीबाट गर्ने अपेक्षालाई पूर्ण गर्ने काम गरेज छौं', निर्देशक योञ्जनले भने ।

उनले फिल्मको छायाङ्कनकै क्रममा अन्तर्राष्ट्रिय वितरकबाट फिल्मको प्रदर्शन अधिकार खरिदका प्रस्तावहरू आइरहेको बताउदै छिटै विदेश प्रदर्शन तय गर्ने जानकारी दिए । धिरज र मिरुनाको जोडीलाई एकसाथ पर्दामा हेर्ने नेपालसँगै प्रवासी नेपाली पनि उत्साहित छन् । निर्देशक योञ्जनका अनुसार केही देशमा फिल्मको प्रदर्शन अधिकार सम्बन्धी छलफल अन्तिम चरणमा छ ।

फिल्ममा उमङ्ग शाहीको छायाङ्कन, मित्रदेव गुरुङको सम्पादन, दीपक शर्मा, अनिल योञ्जन, कल्याण सिंहको सङ्गीत, शिशिर खातीको नृत्य निर्देशन रहेको छ । डिजिटल पार्टनरको रूपमा ओएसआर डिजिटल रहेको फिल्ममा ड्रेस आइआइएफटी (धीरज एण्ड मिरुना) र बोमी राईले स्टाइलिस गरेका छन् । काठमाडौं रीच इन्टरटेनमेन्ट र एप्पल इन्टरटेनमेन्ट तथा मोफसल एफडी कम्पनिले प्रदर्शनका लागि वितरण गर्ने फिल्म आउँदो वर्ष विसं २०८२ को भदौमा प्रदर्शन हुनेछ ।

# बेनिशाको 'कल्ली' कातिक २१ मा रिलिज हुने

■ प्रभाव संवाददाता

**काठमाडौं–** फिल्म 'कल्ली' को यतिबेला जुम्लामा छायांकन भइरहेको छ । छायाङ्कनकै समय फिल्मको रिलिज मिति आउँदो वर्षको कात्तिक २१ घोषणा गरिएको छ । निर्माण युनिटले वितरक काफिया फिल्मस् र कुबेर फिल्मस्सँगको सल्लाह अनुसार फिल्मको रिलिज मिति तय गरेको हो । फिल्म कात्तिक २१ गते रिलिज गर्ने तय भएको प्रस्तुतकर्ता किरण नेपालीले बताए ।

हिमाल कडेरिया र अमला देवी राई निर्माता रहेको फिल्मको निर्देशक लक्ष्मण सुनार हुन् । कथा समेत निर्देशक सुनारकै रहेको छ । महेश दवाडीको लेखन रहेको फिल्मका कार्यकारी निर्माता सरोज नेपाली हुन् । लेकाली इन्टरटेन्मेन्ट र कस्तुरी प्रोडक्सनको प्रस्तुतिमा यो फिल्म बनेको हो । फिल्ममा उत्तम प्रधान, सौगात मल्ल, अर्पण थापा, बेनिशा हमाल, नाजिर हुसेन, वर्षा राउत, विनोद न्यौपाने, रेयर राई, प्रियना आचार्य, गीता अधिकारी, कुलदीप अधिकारी, बेगम नेपाली लगायतका कलाकारको अभिनय छ ।




# मलाइकालाई जमानत वारेन्ट जारी

**मुम्बई–** बलिउड अभिनेता सैफ अली खानलाई २०१२ मा एक एनआरआई व्यापारीले कुटपिट गरेको आरोप लागेको थियो । यो घटना सैफ अली खान, उनकी श्रीमती करीना कपूर, बहिनी करिश्मा कपूर, मलाइका अरोरा, अमृता अरोरा र सैफका केही साथीहरू पाँच तारे होटलमा सँगै हुँदा भएको थियो ।

सैफ अली खानकी साथी तथा अभिनेत्री अमृता अरोराले यस मुद्दामा साक्षीको रूपमा बयान दिएकी थिइन् । यसै क्रममा मलाइका अरोरा पनि साक्षीको रूपमा अदालतमा उपस्थित हुनु परेको थियो तर उनी पटक-पटक अदालतमा आइनन् । यसपछि अब उनीविरुद्ध फेरि जमानती वारेन्ट जारी भएको छ ।

यस मुद्दामा अर्को सुनुवाई अप्रिल २९ मा हुनेछ । पहिलो पटक मलाइका अरोरा विरुद्ध फेब्रुअरी १५ मा जमानती वारेन्ट जारी गरिएको थियो तर उनी अदालतमा उपस्थित नभए पछि सोमबार फेरि वारेन्ट जारी गरिएको थियो ।

खासमा यो घटना २२ फेब्रुअरी २०१२ मा एउटा पाँचतारे होटलमा भएको थियो, जहाँ मलाइका अरोरा पनि सैफ अली खान र उनका साथीहरूसँग उपस्थित थिइन । यसै समयमा एनआरआई व्यापारी इकबाल मीर शर्माले सैफमाथि आक्रमणको आरोप लगाएका थिए ।

रिपोर्टका अनुसार अमृता अरोराले घटनामा बयान दिएकी थिइन् कि जब घटना भयो, उनी र अन्य होटलमा रमाइलो समय बिताइ रहेकी थिइन । यसपछि व्यापारी इकबाल मीर शर्मा त्यहाँ आए र ठूलो स्वरले कराउन थाले । सैफले पनि मागे माफी तर पछि त्यो व्यक्तिले सैफसँग झगडा गर्न थाले । यसै क्रममा होटल बाहिर आवाज सुनियो र उनी पनि सैफको कोठामा पसे, जहाँ उनले सैफमाथि हमला गरे । सबैले कुनै न कुनै रूपमा स्थिति शान्त गरेका थिए । यस घटनाबारे व्यवसायी इकबाल मीर शर्माले प्रहरीमा उजुरी दिएका थिए । सैफ अली खानले उनलाई धम्की दिएर नाकमा मुक्का हाने जसका कारण उनको नाक भाँचिएको उनको आरोप छ ।



युथ ओडीआई

# सिरिजको अन्तिम खेलमा नेपाल विजयी

■ प्रभाव संवाददाता

**काठमाडौं –** काठमाडौंमा भएको नेपाल यू-१९ र अफगानिस्तान यू-१९ बीचको युथ ओडीआई शृंखलामा नेपालले सान्त्वना जित निकालेको छ । बुधबार मुलपानी क्रिकेट मैदानमा भएको तेस्रो खेलमा डीएल पद्धतिअनुसार ८५ रनको जितसहित नेपालले क्लिनस्वीप टारेको हो ।

नेपालले दिएको १९२ रनको लक्ष्य पछ्याएको अफगानिस्तानले २०.१ ओभरमा ६ विकेट गुमाएर ४६ रन बनाएको अवस्थामा मुलपानीमा ठुलो वर्षा भएको थियो । त्यसपछि खेल सुरु हुने अवस्था नभएपछि डिएल पद्दतिमा नेपाल अगाडि रहँदै खेल जित्यो ।



नेपालका अपराजित पौडेलले २ विकेट लिँदा दयानन्द मण्डल, बिपिन प्रसाद शर्मा, सन्तोष यादव र अशोक धामीले १-१ विकेट लिए । अफगानिस्तानका फेसल सिनोजादाईले १६ तथा अजिजुल्लाह मिया खिलले अविजित १५ रन बनाए ।

त्यसअघि टस हारेर पहिले ब्याटिङको निम्तो पाएको नेपालले ४४.१ ओभरमा अलआउट भएर १९१ रन बनायो ।

नेपालका लागि साहिल पटेलले ४६ तथा निरज यादवले ४२ रन बनाए । पहिलो विकेटका लागि ८३ रनको साझेदारी गरेको भएपनि त्यसपछि निरन्तर अन्तरालमा विकेट गुमाउँदा नेपाल ५० ओभर टिक्न सकेन । कप्तान नरेन भट्टले २२ रन मात्र बनाउन सके ।

अफगानिस्तानका हाफिज जाद्रानले ४ विकेट लिए भने अब्दुल अजिज र जैतुल्लह साहिनले २-२ विकेट लिए ।

यस खेलमा पराजित भएपनि अफगानिस्तानले ३ खेलको शृंखला २-१ ले जितेको छ । पहिलो खेलमा १३० रन तथा दोस्रो खेलमा १ रनले अफगानिस्तान विजयी भएको थियो ।

अब आगामी आइतबारदेखि मुलपानीमै आईसीसी यू-१९ विश्वकप एसिया छनोट सुरु हुँदैछ जहाँ यी दुई टोलीसँगै यूएई, हङकङ र ओमान पनि सहभागी हुँदै छन् ।

चारदेशीय टी-२० आई सिरिज

# कतारविरुद्ध नेपाल आठ विकेटले विजयी



■ प्रभाव संवाददाता

**काठमाडौं–** हङकङमा बुधबारदेखि सुरु भएको चारदेशीय टी-२० आई सिरिजको पहिलो खेलमा नेपालले कतारलाई आठ विकेटले पराजित गरेको छ । कतारले जितका लागि दिएको १५२ रनको लक्ष्य नेपालले १७ ओभरमा दुई विकेट गुमाउँदै पूरा गरेको हो ।

नेपालका लागि कुशल भूर्तेलले सर्वाधिक ३८ रन बनाए । उनले १९ बलमा चार चौका र तीन छक्का प्रहार गर्दै ३८ रन बनाएका हुन् । कप्तान रोहित पौडेलले ३७ रन जोडे । उनले २९ बलमा दुई चौका र एक छक्का प्रहार गरे । आसिफ शेखले ३३ रनको योगदान दिँदा बसिर अहमदले ३० रन बनाए । नेपालले अतिरिक्त १६ रन प्राप्त गर्‍यो । कतारका लागि मुजीब-उर-रहमानले दुई विकेट हात पारे । त्यसअघि हङकङको टिन क्वाङ रोड रिक्रिएशन रंगशालामा टस हारेर पहिले ब्याटिङको निम्तो पाएको कतारले निर्धारित २० ओभरमा पाँच विकेट गुमाउँदै १५१ रन बनाएको थियो ।

कतारका लागि कप्तान इक्रामुल्लाह खानले सर्वाधिक ५४ रन बनाए । उनले ५४ बलमा ५ चौका र २ छक्काको मद्दतले ५४ रन बनाए । शाहजैब जमीलले ३१, मुजीब-उर-रहमानले २०, मोहम्मद इरशादले १८ र अरुमुगागणेश नागराजनले १३ रन बनाए । कतारका लागि रिफाइ थेरुवाथले छ र जसिम खानले चार रनको योगदान दिए । कतारले अतिरिक्त पाँच रन प्राप्त गर्‍यो । नेपालका लागि करण केसी, सोमपाल कामी, नन्दन यादव, गुलसन झा र ललित राजवंशीले समान एक-एक विकेट हात पारेका थिए ।

# नैना र रोमासा चितवन मोटरऱ्यालीका च्याम्पियन

**चितवन (प्रस)–** चितवन महिला मोटर ऱ्याली तथा नेपाल अटो जिमखाना सफलतापूर्वक सम्पन्न भएको छ । बागमती प्रदेश अटोमोबाइल्स एसोसिएसनको व्यवस्थापन र नेपाल अटोमोवाइल्स एसोसिएसनको संयोजनमा भएको प्रतियोगितामा चितवनमा पहिलोमा पटक महिला ड्राइभरहरू मात्र सहभागी थिए ।

सोमबार भरतपुरस्थित उद्योग वाणिज्य संघ परिसरबाट प्रारम्भ भएको र्‍याली पोखरा बसपार्क, पुल्चोक, चौबिसकोठी, मंगलपुर, रामपुर, चनौली, पर्साढाप, मेघौली हुँदै गोलाघाट पुगेको थियो । गोलाघाटको ब्रेक पश्चात बाराही होटल चोक, साना किसान चोक, मेघौली एयरपोर्ट, कसरा चोक, टाउन स्कुल चोक हुँदै रिभर बैंक जंगल रिसोर्टमा पुगेर टीएसडी र्‍याली समापन भएको थियो ।

नेपाल अटोमोबाइल्स एसोसिएसन (नासा नेपाल) का अध्यक्ष दशरथ रिसाल, एफआईए वर्ल्ड काउन्सिल मेम्बर गोविन्द भट्टराई, बागमती प्रदेश अटोमोबाइल्स एसोसिएसनका अध्यक्ष राजन पिया, चितवन उद्योग वाणिज्य संघका अध्यक्ष सुमन कुमार शाक्य, नेपाल अटो मेकानिक्स व्यवसायी महासंघका अध्यक्ष गोपाल भट्टराई लगायतले फ्ल्याग अफ गरेर शुभारम्भ गरेको सो कार्यक्रमका सबै सहभागीहरूले खुसी व्यक्त गरेका थिए ।

टीएसडी ऱ्याली समापन शत्रमा रिभर बैंक जंगल रिसोर्टमा आयोजित कार्यक्रममा अष्ट्रेलियादेखि लण्डन हुदै नेपालसम्म गाडीमा यात्रा गरेका दिनेश कठायत, स्पेनको भ्यालेन्सियामा सम्पन्न मोटर स्पोर्ट गेम्समा नेपालबाट सहभागी प्रज्ञा कँडेलले आफ्ना अनुभव सुनाएका थिए । महिला सशक्तिकरण, एड्भेञ्चर स्पोर्टस् र ड्राइभ टुरिजम मुख्य थिम रहेको कार्यक्रमको मोडरेटरको रूपमा नेपाल अटोमोवाइल एसोसिएसन टुरिजम कमिसनका संयोजक कमला क्षेत्रीले गरेकी थिईन् ।

ऱ्याली बिसहजारी ताल हुँदै सौराहास्थित चित्रसारी ग्राउण्डमा पुगेको थियो । त्यसै ग्राउण्डमा चितवनकै पहिलो महिला मात्र सहभागी भएको अटोजिमखाना फर्म्याटको रेसिङ्ग सम्पन्न भयो । समय, गति र दुरीका आधारमा आयोजना गरिएका र्‍यार्ली प्रतियोगितामा नैना श्रेष्ठ मास्के र रोमासा शिवाकोटीले पहिलो स्थान हासिल गरे भने शोभा बराइली र रेनु तामाङले दोस्रो तथा चन्दना कोइराला र आशा देवी श्रेष्ठले तेस्रो स्थान हासिल गरे । उनीहरूले ड्राइभर र नेभिगेटरको रूपमा भूमिका निभाएका थिए ।

# चिनियाँ सामानमा १०४ प्रतिशत कर लगाउने ट्रम्पको घोषणा

**वासिङ्टन–** अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको दर्जनौं अर्थतन्त्रमाथि दण्डात्मक भन्सार दर बुधबार लागू भएको छ । यसमा चिनियाँ सामानहरूमा १०० प्रतिशतभन्दा बढी कर समावेश छ र यसले विनासकारी विश्वव्यापी व्यापार युद्धलाई नाटकीय रूपमा बढाएको छ ।

सप्ताहन्तदेखि लागू भएका व्यापक १० प्रतिशत भन्सार दरहरूले विश्व अर्थतन्त्रलाई हल्लाएपछि बुधबार बिहान १२.०१ बजे (०४०१ जिएमटी) युरोपेली संघ (इयू) वा जापानजस्ता निर्यातकहरूबाट संयुक्त राज्य अमेरिकामा आयातमा दरहरू थप बढेका छन् ।



वासिङ्टनको शीर्ष आर्थिक प्रतिद्वन्द्वी तर प्रमुख व्यापारिक साझेदारसमेत रहेको चीन सबैभन्दा बढी प्रभावित भएको छ । ट्रम्प ह्वाइट हाउसमा फर्केपछि चिनियाँ उत्पादनहरूमा लगाइएका भन्सार दरहरू अहिले आश्चर्यजनकरूपमा १०४ प्रतिशत पुगेको छ ।

ह्वाइट हाउसले जापान र दक्षिण कोरियाजस्ता सहयोगीहरूलाई प्राथमिकता दिने भन्दै मंगलबार आफ्नो सरकारले व्यापारिक साझेदारहरूसँग 'अनुकूल सम्झौताहरू' मा काम गरिरहेको ट्रम्पले बताए । उनका शीर्ष व्यापार अधिकारी जेमिसन ग्रिरले पनि सिनेटलाई अर्जेन्टिना, भियतनाम र इजरायलले आफ्नो कर घटाउने प्रस्ताव गरेको बताए ।

मंगलबार राति साथी रिपब्लिकनहरूसँगको रात्रिभोजमा ट्रम्पले देशहरू सम्झौता गर्न 'आतुर' रहेको बताए । 'म तपाईंलाई भन्दै छु, यी देशहरू मलाई चाट्दै हामीलाई फोन गरिरहेका छन्,' उनले भने । तर बेइजिङले पछि हट्ने कुनै संकेत देखाएको छैन । चीनले व्यापार युद्ध 'अन्त्यसम्म' लड्ने र आफ्नो हितको रक्षा गर्न प्रतिकारको वाचा गरेको छ ।

चीनले अमेरिकी सामानमा लगाएको ३४ प्रतिशत कर बिहीबारदेखि लागू हुने भएको छ । अमेरिकी राष्ट्रपतिले आफ्नो नीतिले कम्पनीहरूलाई संयुक्त राज्य अमेरिकामा स्थानान्तरण गर्न बाध्य पार्दै अमेरिकाको हराएको उत्पादन आधारलाई पुनर्जीवित गर्ने विश्वास गरेका छन् ।

तर धेरै व्यापार विशेषज्ञहरू र अर्थशास्त्रीहरूले यो कति चाँडो (यदि कहिल्यै) हुन सक्छ भन्नेमा प्रश्न उठाउँदै भन्सार दरले मूल्य बढाउँदा उच्च मुद्रास्फीतिको चेतावनी दिन्छन् । मंगलबार ट्रम्पले संयुक्त राज्य अमेरिकाले करबाट 'दैनिक लगभग दुई अर्ब डलर' कमाइरहेको बताए ।

### चीन "सम्झौता गर्न चाहन्छ"

उनले सुरुमा चिनियाँ सामानहरूमा ३४ प्रतिशत अतिरिक्त भन्सार दर घोषणा गरेका थिए । तर चीनले अमेरिकी उत्पादनहरूमा समान मात्राको आफ्नै भन्सार दर लगाएपछि ट्रम्पले अर्को ५० प्रतिशत भन्सार शुल्क थपे । फेब्रुअरी र मार्चमा लगाइएको विद्यमान करहरू गणना गर्दा यसले ट्रम्पको दोस्रो राष्ट्रपतिको कार्यकालमा चिनियाँ सामानहरूका लागि सञ्चयी भन्सार शुल्क वृद्धि १०४ प्रतिशत पुग्ने छ ।

बेइजिङले 'नराम्रो तरिकाले सम्झौता गर्न चाहन्छ, तर यसलाई कसरी सुरु गर्ने भन्ने थाहा छैन' भन्दै ट्रम्पले बल चीनको कोर्टमा रहेको जोड दिएका छन् । मंगलबार अबेर ट्रम्पले संयुक्त राज्य अमेरिकाले औषधिहरूमा 'धेरै चाँडै' प्रमुख भन्सार दर घोषणा गर्ने पनि बताए । छुट्टै, क्यानडाले केही अमेरिकी अटो आयातमा आफ्नो भन्सार दर बुधबार लागू हुने बताएको छ ।

### चीन 'आत्मविश्वासी'

पछिल्लो दिनमा विश्वव्यापी सेयर बजारबाट खर्बौं डलरको मूल्य समाप्त भएपछि एसियाका बजारहरू बुधबार फेरि खुल्दा हङकङ तीन प्रतिशतभन्दा बढी र जापानको निक्केई २.७ प्रतिशतले घटेको छ । विदेशी मुद्रा बजारमा पनि गिरावट देखिएको छ । दक्षिण कोरियाली वोन यस हप्ता २००९ पछि डलरविरूद्ध सबैभन्दा कमस्तरमा झरेको छ ।

बेइजिङको केन्द्रीय बैंकले बुधबार युआनलाई कमजोर पार्न कदम चालेसँगै चीनको अपतटीय युआन पनि अमेरिकी डलरविरूद्ध अहिलेसम्मकै कममा झरेको छ । यो गिरावटलाई ब्लुमबर्गले लगातार पाँचौं दिन भनेको छ ।

तेलको मूल्य घटेको छ । पश्चिम टेक्सास मध्यवर्ती सन् २०२१ अप्रिलपछि पहिलोपटक ४६० भन्दा तल बन्द भयो । युरोपेली संघ (इयू) ले तनाव कम गर्न खोजेको छ । समूहका प्रमुख उर्सुला भन डेर लेयनले चिनियाँ प्रधानमन्त्री ली चियाङसँगको कुराकानीमा व्यापार द्वन्द्व बढाउन नहुने चेतावनी दिएका छन् । उनले विश्व अर्थतन्त्रको स्थिरताका साथै 'थप तीव्रता रोक्ने आवश्यकता' मा जोड दिएको इयूको विवरणले बताएको छ ।

चिनियाँ प्रधानमन्त्रीले भन डेर लेयनलाई 'दिगो र स्वस्थ आर्थिक विकास कायम राख्न पूर्ण आत्मविश्वास छ' भन्दै आफ्नो मुलुकले 'आँधीबेहरीको सामना गर्न सक्ने' बताए । इयूले अगामी हप्ता २० प्रतिशतको नयाँ करहरूको जवाफमा आफ्नो प्रतिक्रिया सार्वजनिक गर्न सक्छ । इयूको भन्सार व्यवस्थाबारे ट्रम्पले कटु आलोचना गरेका छन् । गत महिना लागू भएको अमेरिकी स्टिल र एलुमिनियम करको बदलामा इयूले सोयाबिनदेखि मोटरसाइकलसम्मका अमेरिकी सामानहरूमा २५ प्रतिशतसम्म कर लगाउने योजना बनाएको एएफपीले देखेको कागजातमा उल्लेख छ ।

### अनुकूलित सम्झौताहरू

वाल स्ट्रिटका प्रमुख सूचकांकहरू मंगलबार घटेर बन्द भए । व्यापक-आधारित एस एण्ड पी ५०१.६ प्रतिशतले घट्यो । भन्सार दरहरूमाथि घर्षणको एक सार्वजनिक संकेतमा ट्रम्पका प्रमुख सहयोगी एलन मस्कले वरिष्ठ ह्वाइट हाउस व्यापार सल्लाहकार पिटर नभारोलाई 'इँटाको झोलाभन्दा मूर्ख' भनेर वर्णन गरे । ट्रम्पको व्यापार नीतिमा आफ्नो विरोधको संकेत दिएका नाभारोले आफ्नो टेस्ला कम्पनीलाई सस्तो विदेशी पार्ट्स चाहने 'कार एसेम्बलर' भनेर वर्णन गरेपछि मस्क आक्रोशित भए । *रासस/एएफपी*

## क्षेत्रीय अर्थतन्त्रलाई 'दृढतापूर्वक' एकीकृत गर्न आसियान प्रमुख आह्वान

**क्वालालम्पुर–** व्यापक अमेरिकी भन्सार शुल्कले विश्वको धेरै भाग विनासकारी व्यापार युद्धको बीचमा फसेको भन्दै आसियानका प्रमुखले बुधबार क्षेत्रीय आर्थिक एकीकरणलाई गति दिन आसियानले 'दृढतापूर्वक कार्य' गर्नुपर्ने बताएका छन् । संयुक्त राज्य अमेरिकालाई आफ्नो मुख्य निर्यात बजारका रूपमा गणना गर्ने दक्षिणपूर्वी एसियाली राष्ट्रहरूको १० सदस्यीय संघ (आसियान) राष्ट्रपति डोनाल्ड ट्रम्पद्वारा सबैभन्दा कडा कर लगाउनेहरूमध्ये एक थियो ।

'आर्थिक अराजकता द्रुत रूपमा नयाँ सामान्य हुँदै गइरहेको विश्वमा सान्दर्भिक र लचिलो रहनका लागि हामीले स्थिर, पूर्वानुमानयोग्य र व्यापार-मैत्री वातावरणका लागि आसियानको प्रतिबद्धतालाई पुनः पुष्टि गर्न दृढतापूर्वक, निर्णायक रूपमा र सँगै काम गर्नुपर्दछ,' आसियानका महासचिव काओ किम होर्नले भने । मलेसियाको राजधानी क्वालालम्पुरमा आसियानका आर्थिक तथा वित्तमन्त्रीहरू तथा केन्द्रीय बैंकका गभर्नरहरूको बैठकको पूर्वसन्ध्यामा अमेरिकी करको जवाफ कसरी दिने भन्ने विषयमा छलफल गर्न बोल्दै उनले यस्तो बताएका हुन् ।

आसियान सरकारहरूले वार्तालाई प्राथमिकता दिँदै वासिङ्टनविरुद्ध बदला नलिने निर्णय गरेका छन् । तर अर्को प्रमुख बजार चीनले संयुक्त राज्य अमेरिकामा आफ्नै भन्सार शुल्क लगाएपछि उनीहरूको निर्यात उन्मुख अर्थतन्त्रहरू विश्वव्यापी व्यापार युद्धबाट प्रभावित हुने जोखिम छ । 'अन्तर-आसियान आर्थिक एकीकरणलाई गति दिन र हाम्रो बजार र साझेदारीलाई विविधीकरण गर्न तत्काल र सामूहिक कार्यबिना, हामी विभाजित र द्रुत रूपमा विकसित हुँदै गरेको वैश्विक अर्थतन्त्रमा हाम्रो स्थान छोड्ने जोखिममा छौं,' काओले भने ।

उत्पादन शक्ति र आसियान सदस्य भियतनाममाथि अमेरिकामा निर्यात गर्ने वस्तुहरूमा ४६ प्रतिशत भन्सार महसुल लगाइएको छ भने ठूला पश्चिमी ब्राण्डहरूका लागि कम लागतको कपडाको प्रमुख उत्पादक छिमेकी कम्बोडियामाथि ४९ प्रतिशत भन्सार शुल्क लगाइएको छ । भारी भन्सार लगाइएका अन्य आसियान राष्ट्रहरूमा लाओस (४८ प्रतिशत), म्यान्मा (४४ प्रतिशत), थाइल्याण्ड (३६ प्रतिशत) र इण्डोनेसिया (३२ प्रतिशत) छन् । दक्षिणपूर्व एसियाको तेस्रो ठूलो अर्थतन्त्र मलेसियामाथि २४ प्रतिशतको कम भन्सार लगाइएको छ ।

ब्रुनाईले पनि २४ प्रतिशत भन्सारको सामना गर्दछ भने फिलिपिन्समाथि १७ प्रतिशत र सिंगापुरमाथि १० प्रतिशत भन्सार लगाइएको छ । आसियानको जनसंख्या ६५ करोडभन्दा बढी छ तर लाओस र कम्बोडियाजस्ता गरिब देशहरूदेखि वित्तीय केन्द्र सिंगापुरजस्ता धनी देशहरूसम्म यसका सदस्यहरू आर्थिक विकासका विभिन्न चरणमा छन् । *रासस/एएफपी*

## युक्रेनमा एक करोड ३० लाख मानिसलाई तत्काल मानवीय सहायताको आवश्यकता

**न्युयोर्क–** युक्रेनमा एक करोड ३० लाख मानिसलाई तत्काल मानवीय सहायताको आवश्यकता रहेको मानवतावादी मामिलाका लागि राष्ट्रसंघीय उपमहासचिव टम फ्लेचरले बताएका छन् ।

युक्रेनीहरूको अवस्थाबारे सुरक्षा परिषद्लाई जानकारी दिँदै संयुक्त राष्ट्रसंघका राहत प्रमुखले अन्तर्राष्ट्रिय समुदायलाई सहयोग र समर्थन गर्न आह्वान गरे । उनले द्वन्द्वरत पक्षले अन्तर्राष्ट्रिय कानुनअनुसार नागरिकको रक्षा गर्नु पर्ने विषयमा जोड दिए ।

उनका अनुसार रूस-युक्रेन युद्धका कारण लगभग ३७ लाख युक्रेनी विस्थापित भएका छन् भने सात लाख हाल शरणार्थीका रूपमा बाँचिरहेका छन् । यसैगरी रूसले कब्जा गरेका डोनेट्स्क, खेरसन, लुहान्स्क र जापोरिझियाका अनुमानित १५ लाख नागरिकसम्म पुग्न असमर्थ रहेको मानवीय सहायताकर्मीहरूले बताएका छन् ।

बढ्दो आवश्यकताका बावजुद युक्रेनमा दुई अर्ब ६० करोड अर्ब डलर राष्ट्रसंघीय नेतृत्वको मानवीय प्रतिक्रिया योजनाले आवश्यक कोषको १७ प्रतिशतमात्र प्राप्त गरेको जनाइएको छ । रूसी राजदूत भासिली नेबेञ्जियाले युक्रेनी मिडियाले आफ्नो देशलाई जानाजानी शान्ति प्रयासलाई कमजोर पार्ने देशके रूपमा चित्रण गरिरहेको बताएका छन् ।

यसैबीच संयुक्त राष्ट्रसंघका लागि युक्रेनकी स्थायी प्रतिनिधि क्रिस्टिना हायोभिशिनले आफ्नो देशमा भएको आक्रामक कार्यका लागि रूस जवाफदेही बन्नुपर्ने बताएका छन् । उनले युद्ध अन्त्य गर्न छलफलमात्र नभए वास्तविक दबाब दिन आवाश्यक रहेकोसमेत बताए ।

हायोभिशिनले रूसले तत्काल ३० दिनको अन्तरिम युद्धविरामका लागि अमेरिकी प्रस्तावको जवाफ दिई युक्रेनविरुद्धको आक्रमक युद्ध समाप्त गर्नुपर्ने बताए । संयुक्त राज्य अमेरिकाको प्रतिनिधित्व गर्दै कार्यवाहक प्रतिनिधि डोरोथी सियाले आफ्नो देश न्यायपूर्ण र स्थायी शान्ति प्राप्त गर्न प्रतिबद्ध रहेको बताए । उनले रूस र युक्रेनसँगको द्विपक्षीय संलग्नतामा अमेरिकाले पूर्णयुद्धविरामको प्रस्ताव गरेको उल्लेख गरे । *रासस/क्युएनए*


बागमती प्रदेश सरकार
**आन्तरिक मामिला तथा कानुन मन्त्रालय**
हेटौंडा, मकवानपुर

**सार्वजनिक सूचना**

(प्रकाशित मिति: २०८१/१२/२८)

यस मन्त्रालयको आ.व. २०८१/२०८२ को वार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत द्वन्द्वपीडित व्यक्तिहरूको सबलीकरण कार्यक्रम कार्यान्वयनको लागि बागमती प्रदेश भित्रका द्वन्द्व पिडित व्यक्ति वा द्वन्द्व पिडित व्यक्तिबाट स्थापित संस्थाहरूलाई द्वन्द्वपीडित व्यक्तिहरूको सबलीकरण कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१ को दफा ६ बमोजिमका प्रमाण खुल्ने कागजात सहित कार्यबिधिको अनुसूची-१ बमोजिमको ढाँचामा सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र यस मन्त्रालयमा वा ईमेल ठेगाना moial@bagamati.gov.np मार्फत प्रस्ताव पेश गर्न सम्बन्धित सबैलाई जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ यस सम्बन्धि कार्यबिधि र थप जानकारी मन्त्रालयको मन्त्रालयको वेब-साइट www.moial.bagamati.gov.np वा मन्त्रालयमा सम्पर्क गरि प्राप्त गर्न सकिनेछ ।



**युएइमा रोजगार** कम्पनी : Cedars Sheds Erection and Decor

पूर्व स्वीकृति मिति : २०८१/१२/२६ | LT. No. 321752 | चलानी नं. ६०२३५८६८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Aluminium Fabricators | 20 | 0 | 1200 | ४४,६९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ वैशाख ४ गते (17th Apr. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. १०९३/०७३/०७४
Al Haya Recruitment Pvt. Ltd.
Dumbarahi, Kathmandu, Nepal Phone No. +977-1-4008610, E-mail : alhaya.recruitment@gmail.com



**युएइमा रोजगार** कम्पनी : AL RUAYA AL THAKIAH FACILITIES MANAGEMENT SERVICES

पूर्व स्वीकृति मिति : २०८१/१२/२७ | LT. No. 321813 | चलानी नं. ६०२३५८९७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Steal Fixer | 5 | 0 | 1200 | ४४,६९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ वैशाख ४ गते (17th April 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |



**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।



Government License No. 1180/073/74
Fine Job Recruitment Pvt. Ltd.
Gyanjyoti Marga-4, Maharajgung, Kathmandu, Phone No. 01-4110722 / 4110721, 9801061512
E-mail : finejobrecruitment@gmail.com, GPO Box No.:- 6163 , web:- www.finejob.com.np



**साउदीमा रोजगार** कम्पनी : Turkish Restaurant Issa Ismail Farnhan for catering

पूर्व स्वीकृति मिति : २०८१/१२/२७ | LT. No. 321774 | चलानी नं. ६०२३५९९०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Office Supervisor | 1 | 0 | 2500 | ९१,०८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ वैशाख ४ गते (17th April 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |



**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।



GREEN LIGHT OVERSEAS PVT. LTD
Basundhara-3, Kathmandu Tel : +977-1-5905757, 5905758
Email:info@greenlight.com.np, Web: www.greenlight.com.np
श्रम ईजाजत नं. 1365/074/75



**मलेसियामा रोजगार** कम्पनी : RAPID SECURITY SDN BHD

पूर्व स्वीकृति मिति : २०८१/१२/२६ | LT. No. 321475 | चलानी नं. ६०२३५८०४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 40 | 0 | 1700 | ५२,३७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ वैशाख ४ गते (17th April 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |



**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।



Sandiya Human Resources Pvt. Ltd.
Dhumbarai-4, Kathmandu, Nepal, Phone No. +977-1-5199505, 9808273578, 9851155563
E-mail: sandiyahr17@gmail.com, Website : www.sandiyahr.com
श्रम ईजाजत नं. १०९७/०७३/०७४



**कतारमा रोजगार** कम्पनी : GREEN CITY CONTRACTING & SERVICES

पूर्व स्वीकृति मिति : २०८१/१२/२६ | LT. No. 321738 | चलानी नं. ६०२३५८४०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | DATA ENTRIES | 0 | 2 | 2500 | ९४,५७९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Dry Clean Worker (Female) | 0 | 2 | 1000 | ३७,८३२ | | | | | | | |
| 3 | Gen Clean Worker | 0 | 1 | 1000 | ३७,८३२ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ वैशाख ४ गते (17th April 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |



**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।



श्रम ईजाजत नं. ९५४/०६७/६८
VARSHA MANPOWER PVT. LTD.
Maharajgunj-3, Kathmandu, Phone No: 015908044/015906944



**साउदीमा रोजगार** कम्पनी : Amnati Trading Company

पूर्व स्वीकृति मिति : २०८१/११/२६ | LT. No. 321668 | चलानी नं. ६०२३५८३४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Kitchen Helper | 1 | 0 | 1000 | ३७,००० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ वैशाख ४ गते (17th April 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |



**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।



World King H.R.International Pvt.ltd.
Dhapasi, Basundhara, Kathmandu, Nepal, Tel. +97701-5925516, 9803672215, 9814089641,9767274204 Email : info@worldkinghrintl.com, www.worldkinghrintl.com
Govt. License 1700/081/82



**Sudurpaschim Provincial government**
**Ministry of Physical Infrastructure Development**
**Transport Infrastructure Directorate**
**Infrastructure Development Office, Achham**

**Invitation for Bids (IFB) No. (IFB):-2081/82-10**

**Date of publication: 2081/12/28 (10-April-2025)**

Infrastructure Development Office, Achham invites electronic Bids from all eligible Nepalese Bidders for Construction of Following Road Projects with construction detail as follows:

| S N | Contract Identification No: | Description of Work | Estimated Amount (NRS.) [Excluding VAT & Contingencies] | Bid Security amount | Validity of Bid/ Bid Security (Days) | Cost of Bid Document (NRs.) |
|---|---|---|---|---|---|---|
| 1. | IDO/ACHM/3370 10124/2081/82-39 | Upgrading and Construction of Ghugurkot-Fada-Khaptad-Naini-Sadak (Ch-0+000-5+000), Sanfebagar Municipality, Achham. | 5,991,692.34 | 1,50,000 | 90/120 | 3,000 |
| 2. | IDO/ACHM/3370 10124/2081/82-40 | Upgrading and Construction of Karnali Koridor Manikanda Malika Sadak, Bajura. | 2,151,532.47 | 54,000 | 90/120 | 3,000 |

For further information, visit the e-GP portal of PPMO: www.bolpatra.gov.np/egp.

**Senior Divisional Engineer**

काठमाडौं जि.प्र.का.द.नं.४८०-०७०/७१, म.क्ष.हु.नि.द.नं. ९/०७३/७४

प्रभाव दैनिक National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला - १७५४०० | प्रति तोला - ० | प्रति तोला - १८३५ |

# ढुक्क भएर लगानी गर्न प्रधानमन्त्रीको आग्रह




■ प्रभाव संवाददाता

**काठमाडौं-** प्रधानमन्त्री केपी शर्मा ओलीले मुलुकमा अहिले राजनीतिक स्थिरताको अवस्था भएकाले आर्थिक विकासका लागि ढुक्क भएर लगानी गर्न आग्रह गरेका छन् ।

नेपाल चेम्बर अफ कमर्शको ७४औं वार्षिक साधारणसभाको उद्घाटन सत्रलाई बुधबार सम्बोधन गर्दै प्रधानमन्त्री ओलीले विज्ञान प्रविधिको प्रयोगसहित प्रतिस्पर्धी र रचनात्मक रूपमा उद्योग-व्यवसायलाई अगाडि बढाउन आग्रह गरेका हुन् ।

कृत्रिम बौद्धिकताकोसमेत सदुपयोग गरी उत्पादन र उत्पादकत्व वृद्धिमा लाग्नुपर्नेमा उनले जोड दिए । 'कसैलाई गालीगलौज, बदनाम र भ्रम छर्नका लागि सूचना प्रविधिको प्रयोग गर्नुहुँदैन । यसको प्रयोग मानिसलाई सहज रूपमा सेवासुविधा दिनका लागि हुनुपर्छ । हामीले बाह्य लगानी र संयुक्त लगानीलाई अझ अगाडि बढाउनुपर्ने हुन्छ । हरेक क्षेत्रमा सम्भावना छ भनेर तपाईंहरूले कन्भिन्स गर्न सक्नुहुन्छ', प्रधानमन्त्री ओलीले भने । उनले चेम्बर आफ्ना निम्तिमात्रै होइन, देश र समाजका लागि नयाँ सोचका साथ एकताबद्ध भएर अगाडि बढिरहेको समेत बताए ।

प्रधानमन्त्री ओलीले सरकारले आर्थिक विकासका लागि ल्याएका अध्यादेशप्रति चेम्बर जस्ता संस्थाहरूले समर्थन गरेको स्मरण गर्दै सही र गलतका आधारमा समर्थन र विरोध गर्ने यस्ता शैलीहरू प्रशंसनीय रहेको बताए । 'आज हामीलाई सुशासन र विकास चाहिएको छ । सुशानमा कुनै सम्झौता हुन सक्दैन तर थाहा नपाइकन भ्रष्टाचार चलिरहेको हुनसक्छ । त्यसलाई नियन्त्रण गर्नका लागि तपाईंहरूको पनि सहयोग चाहिन्छ', प्रधानमन्त्री ओलीले भने, 'देशको परिवर्तनका लागि योगदान गरेका ठूला पार्टीहरू मिलेर सरकार बनेको छ । त्यसले स्थिरता दिएको आगामी निर्वाचनसम्म र त्यसपछि पनि यो सिलसिला कायम रहन्छ । त्यसकारण तपाईंहरू ढुक्क भएर लगानी गर्नुस् । देशको विकासका योगदान गर्नुस् ।'

चेम्बर सरकार र निजी क्षेत्रबीचको पुलको कार्य गर्ने संस्था भएको र नीति निर्माणका सवालमा सरकारलाई यसले सघाएकामा प्रधानमन्त्री ओलीले धन्यवाद दिए । कार्यक्रममा विभिन्न क्षेत्रमा योगदान दिने उद्यमी-व्यवसायीलाई प्रधानमन्त्री ओलीबाट अवार्ड प्रदान गरिएको थियो भने चेम्बरको स्मारिका पनि लोकार्पण भएको थियो ।

राष्ट्र बैंकको प्रतिवेदन

# मूल्यवृद्धि वाञ्छित सीमाभित्रै

■ प्रभाव संवाददाता

**काठमाडौं-** चालु आर्थिक वर्ष २०८१/८२ को फागुन मसान्तसम्ममा वार्षिक बिन्दुगत आधारमा उपभोक्ता मूल्य सूचकांकमा आधारित मुद्रास्फीति तीन दशमलव ७५ प्रतिशत रहेको छ ।

नेपाल राष्ट्र बैंकले बुधबार सार्वजनिक गरेको चालु आर्थिक वर्षको आठ महिनाको तथ्यांकमा आधारित देशको वर्तमान आर्थिक तथा वित्तीय स्थिति प्रतिवेदनअनुसार मुद्रास्फीति वाञ्छित सीमाभित्र देखिएको हो । प्रतिवेदनअनुसार खाद्य तथा पेय पदार्थ समूहको मुद्रास्फीति तीन दशमलव ३४ र गैर-खाद्य तथा सेवा समूहको मुद्रास्फीति तीन दशमलव ९७ प्रतिशत छ ।



खाद्य तथा पेय पदार्थ समूहअन्तर्गत घ्यू तथा तेल उप-समूहको वार्षिक बिन्दुगत उपभोक्ता मूल्य सूचकांक १३ दशमलव ७४, दाल तथा गेडागुडीको सात दशमलव ८०, फलफूलको छ दशमलव ८२ र गैर-मदिराजन्य पेय पदार्थको पाँच दशमलव १५ प्रतिशतले बढेको छ । तर, मरमसला उप-समूहको वार्षिक बिन्दुगत उपभोक्ता मूल्य सूचकांक पाँच दशमलव १७, तरकारीको एक दशमलव २४ र माछा तथा मासुको शून्य दशमलव ७४ प्रतिशतले घटेको राष्ट्र बैंकले जनाएको छ ।

गैर-खाद्य तथा सेवा समूहअन्तर्गत विविध वस्तु तथा सेवा उपसमूहको वार्षिक बिन्दुगत उपभोक्ता मूल्य सूचकांक १० दशमलव १४, कपडाजन्य तथा जुत्ताचप्पलको सात दशमलव ०१, मदिराजन्य पेय पदार्थको छ दशमलव ०७, फर्निसिङ तथा घरायसी उपकरणको पाँच दशमलव ५९ र यातायातको पाँच दशमलव ०७ प्रतिशतले बढेको छ ।

गत फागुन महिनासम्ममा ग्रामीण क्षेत्रको वार्षिक बिन्दुगत उपभोक्ता मूल्य सूचकांक चार दशमलव १८ प्रतिशतले बढेको छ भने सहरी क्षेत्रको तीन दशमलव ६० प्रतिशतले बढेको छ । प्रदेशगत रूपमा यो अवधिमा कोशी प्रदेशको वार्षिक बिन्दुगत उपभोक्ता मुद्रास्फीति पाँच दशमलव ६८, मधेशको तीन दशमलव ५२, बागमतीको दुई दशमलव ९८ प्रतिशत र गण्डकी प्रदेशको दुई दशमलव ७७ प्रतिशतले बढेको छ । त्यस्तै, लुम्बिनीको तीन दशमलव ७७, कर्णालीको तीन दशमलव ८० र सुदूरपश्चिम प्रदेशको चार दशमलव ४१ प्रतिशत रहेको छ ।

त्यस्तै, काठमाडौं उपत्यकाको वार्षिक बिन्दुगत उपभोक्ता मुद्रास्फीति तीन दशमलव २५, तराईको तीन दशमलव ७७, पहाडको तीन दशमलव ७२ र हिमालको चार दशमलव ७७ प्रतिशत छ ।

# आर्थिक वृद्धिदर ४.४ प्रतिशत रहने अनुमान

■ प्रभाव संवाददाता

**काठमाडौं-** एसियाली विकास बैंक (एडिबी) ले सन् २०२५ मा एसिया क्षेत्रको आर्थिक वृद्धिदर चार दशमलव नौ र नेपालको आर्थिक वृद्धिदर चार दशमलव चार प्रतिशत रहने प्रक्षेपण सार्वजनिक गरेको छ । एडिबीले आज 'एसियन डेभलपमेन्ट आउटलुक-२०२५' प्रतिवेदन सार्वजनिक गर्दै एसियाली मुलुकहरूको आर्थिक वृद्धिदर र मुद्रास्फीतिबारे प्रक्षेपण गरेको हो ।




अमेरिकाले तय गरेको भन्सार नीति, भूराजनीतिक तनावलगायत कारण एसिया र प्रशान्त क्षेत्रमा व्यापारिक अनिश्चितताले आर्थिक वृद्धिदर तथा मुद्रास्फीतिमा प्रभाव पार्ने प्रतिवेदनमा उल्लेख छ ।

अमेरिकाले नयाँ भन्सार दर तोकेपछि यसले विश्वभर व्यापारिक अनिश्चितता कायम गरेको एडिबीले जनाएको छ । अमेरिकी भन्सार शुल्कको क्षेत्रीय प्रभाव विश्लेषण गर्दै एडिबीले एसिया र प्यासिफिक क्षेत्रमा सन् २०२५ मा आर्थिक वृद्धिदर चार दशमलव नौ प्रतिशत र सन् २०२६ मा चार दशमलव सात प्रतिशतमा खुम्चिने अनुमान गरेको छ ।

त्यस्तै, यस क्षेत्रको मुद्रास्फीति सन् २०२५ मा दुई दशमलव तीन र सन् २०२६ मा दुई दशमलव दुई प्रतिशतमा घट्ने प्रक्षेपण गरिएको छ । सन् २०२४ मा एसिया क्षेत्रको मुद्रास्फीति दुई दशमलव छ प्रतिशत थियो ।

नेपालको मुद्रास्फीति भने सन् २०२५ मा पाँच दशमलव दुई र सन् २०२६ मा पाँच प्रतिशत रहने अनुमान गरिएको छ । गत असोजमा आएको बाढीपहिरोका कारण आपूर्ति शृङ्खलामा असर पर्दा मुद्रास्फीतिमा त्यसको प्रभाव देखिएको एडिबीले जनाएको छ । सन् २०२६ मा नेपालको आर्थिक वृद्धिदर पाँच दशमलव एक प्रतिशत रहने अनुमान गरिएको छ ।

'अप्रिलको सुरुआतमा घोषणा गरिएका अमेरिकी भन्सार शुल्कहरूको पूर्ण कार्यान्वयन र थप अमेरिकी व्यापार नीति परिवर्तनले आर्थिक वृद्धिदरमा गिरावट ल्याउन सक्ने अनुमान गरिएको छ । व्यापार क्षेत्रमा थप अनिश्चितता देखिन सक्छ', प्रतिवेदनमा भनिएको छ ।

साथै विस्तारमुखी वित्तीय नीतिहरूले मुद्रास्फीति बढाउन सक्ने अनुमान गरिएको छ । मध्यपूर्व क्षेत्रमा देखिएको तनावका कारण आपूर्ति शृङ्खलामा अवरोध, खाद्य र ऊर्जा मूल्यमा वृद्धि, विश्वव्यापी आर्थिक अनिश्चितता युक्रेन-रुसको युद्धबाट सिर्जित समस्यालगायत कारणले जोखिम बढ्ने एडिबीले अनुमान गरेको छ ।

# 'वित्त व्यवस्थापनमा लेखा व्यवसायीको भूमिका महत्त्वपूर्ण'

■ प्रभाव संवाददाता

**काठमाडौं-** 'कर र सार्वजनिक वित्तीय व्यवस्थापनको आधुनिकीकरणमार्फत अर्थतन्त्रको रूपान्तरण' भन्ने नाराका साथ लेखा व्यवसायीको चौथो राष्ट्रिय सम्मेलन काठमाडौंमा सुरु भएको छ । कार्यक्रमको उद्घाटन उपप्रधान तथा अर्थमन्त्री विष्णुप्रसाद पौडेलले गरेका थिए । नेपालको लेखा व्यवसायको इतिहासमा प्राप्त अनुभवको विश्लेषणबाट उपर्युक्त निष्कर्ष निकाल्ने विश्वास उनले व्यक्त गरे ।

अर्थमन्त्री पौडेलले कर प्रणालीको आधुनिकिकरण, कर नीतिहरूमा सुधार, करको दायरा विस्तार र करछली दुरुत्साहन गर्न सरकारले गम्भीर भएर काम गरिरहेको बताए । सार्वजनिक वित्त व्यवस्थापनको आधुनिकिकरण र सुधारको आवश्यकता रहेको औंल्याउँदै अर्थमन्त्री पौडेलले यसमा लेखा व्यवसायीहरूको महत्वपूर्ण भूमिका रहने उल्लेख गरे ।

'सुशासन, पारदर्शिता, स्रोतको अधिकतम र उच्चतम प्रयोगका निम्ति यस संस्था र संस्थामा आबद्ध भएका यहाँहरूप्रति राष्ट्रले ठूलो आशा गरेको छ', उनले भने 'त्यो अपेक्षा पूरा गर्न यहाँहरूबाट अझ प्रभावकारी र संगठित प्रयास हुनेछ भन्ने विश्वास छ ।'

राष्ट्रिय योजना आयोगका उपाध्यक्ष डा. शिवराज अधिकारीले अर्थतन्त्रको रूपान्तरणका लागि कर प्रणाली र सार्वजनिक वित्त व्यवस्थापनको आधुनिकिरणलाई सम्मेलनले मुख्य औजारको रूपमा उठाएको हुँदा सरकारको योजना निर्माण र आर्थिक सुधारका लागि यो महत्वपूर्ण रहेको बताए । नेपालको कर प्रणाली र सरकारको खर्च गर्ने तौरतरिका दुवैमा सुधारको आवश्यकता रहेको हुँदा सरकार र लेखा व्यवसायीहरू मिलेर यसमा काम गर्नुपर्ने अधिकारीको भनाइ थियो । 'योजना आयोगले योजना बैंकको कुरा गरेको छ, रु तीन करोडभन्दा कमको आयोजनामा बजेट विनियोजन नगरौं भनेको छ', उनले भने, 'यो सबै बजेट विनियोजनमा पारदर्शिता कायम गर्नका लागि हो ।'

कार्यक्रम आयोजक आइक्यानका अध्यक्ष सिए प्रविनकुमार झाले सार्वजनिक वित्त व्यवस्थापन प्रणाली बलियो बनाउन र नेपालको कर प्रणाली सुधारका लागि सम्मेलनले महत्वपूर्ण भूमिका खेल्ने बताए ।

सरकार आगामी आर्थिक वर्ष २०८२/८३ को बजेट निर्माणको तयारीमा लागेको हुँदा सम्मेलनबाट आउने निष्कर्षलाई अर्थ मन्त्रालयले समेट्नेमा पनि उनले विश्वास व्यक्त गरे । कर प्रशासनको आधुनिकिकरण, प्रविधिको प्रयोग, तथ्याकंको विश्लेषण र अन्तरराष्ट्रिय अभ्यासको पालना गर्नु अहिलेको आवश्यकता रहेको भन्दै लेखा व्यवसायीले पनि यसमा अझै काम गर्न बाँकी रहेको उनको भनाइ थियो । नेपाल अडिटर्स एशोसिएसन(अडान)का वरिष्ठ उपाध्यक्ष बद्रीप्रसाद भट्टराईले आर्थिक अनुशासन कायम गर्न पारदर्शी एवम् जवाफदेही कर प्रणालीको विकास एवम् नतिजामुखि सार्वजनिक वित्त व्यवस्थापनको स्थापना महत्वपुर्ण रहेको बताए । नेपाल चार्टर्ड एकाउन्टेन्टस् संघ (एक्यान)का अध्यक्ष अरुण राउतले नेपालको कर प्रणालीलाई डिजिटाइजेसन बनाउन धेरै काम गर्न बाँकी रहेको औंल्याए ।

कार्यक्रममा महालेखापरीक्षकको कार्यालयका उप-महालेखापरीक्षक बामदेव शर्मा अधिकारीले दीगो कर नीतिको माध्यमले कर संकलन गर्न सकेमा समृद्धिको बाटोमा पुग्ने आधारस्तम्भ तय हुने बताए । भारतका चार्टर्ड एकाउन्टेन्टहरूको संस्था (आईसिएआई) का अध्यक्ष चरनजोत सिंह नन्दाले उदीयमान प्रविधिको प्रयोगले सार्वजनिक वित्त व्यवस्थापनलाई थप पारदर्शी, प्रभावकारी बनाउने विषयमा कार्यपत्र प्रस्तुत गरेका थिए । कार्यक्रमका मुख्य वक्ता रहेका दक्षिण एशियाली लेखापाल महासंघका अध्यक्ष असफाक युसुफ तोलाले 'आर्थिक समृद्धिका लागि नवप्रवर्तनकारी सार्वजनिक वित्त व्यवस्थापन र कर नीतिहरू' सम्बन्धमा प्रकाश पारेका थिए ।

## नेप्सेमा सामान्य अंकको सुधार

काठमाडौं (प्रस)- नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकमा सामान्य अंकको सुधार देखिएको छ । बुधबार नेप्से परिसूचक नौ दशमलव ६६ अंकले बढेर दुई हजार छ सय ७६ दशमलव २८ को विन्दुमा कायम भएको हो । तीन सय १७ कम्पनीको एक करोड ७३ हजार आठ सय २२ कित्ता शेयर ४५ हजार ९४ पटक खरिदबिक्री हुँदा रु चार अर्ब ४८ करोड ४६ लाख १९ हजार सात सय ४० बराबरको कारोबार भएको छ ।

# अन्तर्राष्ट्रिय विमानस्थल सञ्चालनको माग

■ प्रभाव संवाददाता

**भैरहवा (रूपन्देही)** – भैरहवास्थित गौतमबुद्ध अन्तरराष्ट्रिय विमानस्थल सञ्चालनको माग राख्दै रूपन्देहीका उद्योगी व्यवसायीले ध्यानाकर्षण गराएका छन् । सिद्धार्थ उद्योग वाणिज्य संघ, रूपन्देही, सिद्धार्थ सञ्जाल रूपन्देही र चेम्बर अफ कमर्स, रूपन्देहीले बुधबार भैरहवामा पत्रकार सम्मेलन गरी चरणबद्ध आन्दोलनका कार्यक्रमको घोषणा गरेका छन् ।

आन्दोलनमा विमानस्थल अगाडि धर्नालगायतका कार्यक्रम सार्वजनिक गरिएको छ । उद्योगी व्यवसायीहरूले विमानस्थल सञ्चालनका लागि सबै मिलेर निर्णायक आन्दोलन गर्ने जनाएका हुन् । सिद्धार्थ सञ्जाल रूपन्देहीको अगुवाइमा हुने आन्दोलनमा जिल्लाका सबै संघ-संस्था रहने गरी संयुक्त आन्दोलन संघर्ष समितिसमेत गठन गरिएको छ ।

पहिलो चरणको आन्दोलनका कार्यक्रमअन्तर्गत रूपन्देहीमा रहेका विभिन्न राजनीतिक दलका प्रतिनिधि, स्थानीय तहका जनप्रतिनिधिका साथै संघ र प्रदेशमा निर्वाचित जनप्रतिनिधिसँग छलफल गरी प्रतिबद्धता लिने, सम्बन्धित एयरलाइन्सका प्रमुखसँग छलफल गर्ने समितिका संयोजक तथा सिद्धार्थ सञ्जालका अध्यक्ष अनिलकुमार ज्ञवालीले बताए ।

त्यस्तै सम्पूर्ण संघ-संस्था, राजनीतिक दल, आम सर्वसाधारण, जनप्रतिनिधिलगायत हजारौंको सफ्यामा उपस्थिति भई विमानस्थल अगाडि अल्टिमेटम दिँदै शान्तिपूर्ण विरोध, प्रधानमन्त्री, पर्यटन, अर्थ, श्रम, स्वास्थ्यमन्त्रीलगायत सम्बन्धित मन्त्रालयका सचिव र नेपाल वायुसेवा निगमका प्रमुखहरूसँग आन्दोलनका कार्यक्रमबारेमा ध्यानाकर्षण गराइने अध्यक्ष ज्ञवालीले जानकारी दिए ।

त्यसैगरी कालोपट्टी बाँधेर दबाबमूलक विरोध प्रदर्शन तथा शान्तिपूर्ण ऱ्याली प्रदर्शन तथा बजार परिक्रमा गरिने उनले बताए । मागको सुनुवाइ नभए दोस्रो चरणको आन्दोलनअन्तर्गत विमानस्थलको गेट अगाडि नियमित धर्ना तथा विरोधसभा र यति गर्दा पनि अन्तरराष्ट्रिय उडान सञ्चालन नभए आन्तरिक र बाह्य विमानस्थलको अगाडि विरोध गरिने ज्ञवालीले बताए ।

विमानस्थल सञ्चालनका लागि सिद्धार्थनगर नगरपालिकासहित यहाँ रहेका सम्पूर्ण पालिकाले पहल गर्नुपर्ने उनको माग छ । गौतमबुद्ध अन्तरराष्ट्रिय विमानस्थलबाट सञ्चालनका लागि यहाँबाट उडान भरिरहेका वायुसेवा कम्पनीले गर्मीयामका लागि 'समर शेड्युल' लिएका छैनन् । यसले अब यहाँबाट सातामा एक दिन नेपाल एयरलाइन्सको विमानबाहेक अन्य अन्तरराष्ट्रिय उडान हुने छैनन् । भैरहवाबाट उडान हुँदै आएका जजिरा एयरलाइन्स, फ्लाई दुबई, थाई एयर एसियाले समर शेड्युल लिएका छैनन् ।

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook
www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रण: एक्प्रेस कलर प्रेस, कार्यालय: काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेल: prabhabdailynews@gmail.com, विज्ञापनका लागि: marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशक: कृष्ण कार्की, सम्पादक: विष्णु तामाङ